राष्ट्रिय 'क' वर्गमा वर्गीकृत

बुटवल टुडे

साझा विचार, ताजा समाचार

राष्ट्रिय दैनिक

राष्ट्रिय संस्करण | वर्ष १५ । अंक १७ । मंगलबार । १७ कात्तिक २०८३ । Tuesday 3 November 2026 । पृष्ठः ४ । मूल्यः १० रूपैयाँ | www.butwaltoday.com

आनन्दलोक हास्पिटल
एवं टेस्ट ट्यूब बेबी सेन्टर
डा. आनन्द अग्रवाल (एम. एस. यूरोलोजिष्ट) गोल्ड मेडलिस्ट
डा. अल्पना अग्रवाल स्त्री एवं प्रसुती रोग विषेशज्ञ
विश्व की नवीनतम तकनीक लेजर एवं लैप्रोस्कोपी द्वारा पत्थरी ट्यूमर एवं अन्य आपरेशन
डा.कनिका पोपली अग्रवाल (किन रोग विशेषज्ञ)
एम.बी.बी.एस., एम.डी., एफ. आई.ए.एल., ए.एस.आई (आस्ट्रेलिया)
डर्मेटोलाँजी, लेजर, कास्मेटोलाँजी,
ICU, Neuro & Trauma, टेस्ट ट्यूब बेबी
आई सी एस आई (ICSI), आई यू आई (IUI)
सोनौली रोड, गोरखनाथ, गोरखपुर (भारत)
सम्पर्क - ०७९१-६३९०५८७९१७

कफीका उन्नत जात खोज्दै वैज्ञानिक

जनार्दन छिमिरे
गुल्मी, १६ कात्तिक।



नेपाली कफीको उत्पादन र व्यावसायिक विस्तारका लागि महत्वपूर्ण मानिएको जातीय अनुसन्धान गुल्मीमा तीव्र पारिएको छ। नेपालमा हालसम्म कुनै पनि कफीको जात औपचारिक रूपमा सिफारिस नभएको अवस्थामा गुल्मीमा गरिएको अनुसन्धानबाट तीन जात सिफारिसको अन्तिम चरणमा पुगेका छन्।

कफी खेतीका लागि अग्रणी जिल्ला गुल्मीको रुरुक्षेत्र गाउँपालिका-भण्ढारीढाँडास्थित कफी अनुसन्धान कार्यक्रममा ३८ जातका कफीको जातीय परीक्षण सम्पन्न भएको छ। आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न परीक्षणबाट 'गुल्मी लोकल', 'सेलेक्सन-१०' र 'एलोक्याटुरा' जातका कफी सिफारिसका लागि छनोट भएका हुन्। कफी अनुसन्धान कार्यक्रमका प्रमुख तथा जेष्ठ वैज्ञानिक जनार्दन गौतमका अनुसार ती तीन जाततर्फ औपचारिक रूपमा सिफारिस गर्ने प्रक्रिया अघि बढाइएको छ। सिफारिसका लागि बीउबिजन तथा गुणस्तर नियन्त्रण केन्द्रमा प्रस्ताव पेस गरी प्राविधिक उपसमिति तथा जात उन्मोचन, दर्ता र अनुमोदन उपसमितिमा प्रस्तुत गर्ने तयारी गरिएको छ।

नेपालमा कफी खेतीको व्यावसायिक विस्तार हुँदै गए पनि किसानले खेतीका लागि प्रयोग गर्ने जातको आधिकारिक सिफारिस नहुँदा उत्पादन र गुणस्तरमा एकरूपता ल्याउन चुनौती रहँदै आएको छ। अनुसन्धानबाट उपयुक्त जात पहिचान गरी सिफारिस गर्न सके किसानले क्षेत्रअनुसार उपयुक्त बिरुवा छनोट गर्न पाउने र कफी उत्पादनलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

गौतमका अनुसार रुरुक्षेत्र गाउँपालिकामा रहेको अनुसन्धान कार्यक्रममा प्राकृतिक प्रविधि अपनाएर ३८ जातका कफीको परीक्षण गरिएको हो। अनुसन्धानलाई थप विस्तार गर्ने उद्देश्यले आगामी वर्षका लागि भारतबाट चार नयाँ जातका कफीका बिरुवासमेत ल्याएर बेर्ना उत्पादन सुरु गरिएको छ।

अनुसन्धान कार्यक्रमले करिब एक सय रोपनी क्षेत्रफलमा काम गर्दै आएको छ। त्यसमध्ये ६० रोपनीमा कफीका विभिन्न जातको परीक्षण, अन्य अनुसन्धान तथा बीउ-बेर्ना उत्पादन भइरहेको छ। कफीको उत्पादन क्षमता, गुणस्तर, रोगकीरा प्रतिरोध क्षमता र खेतीका लागि उपयुक्त प्रविधिबारे अध्ययन भइरहेको कार्यालयले जनाएको छ।

कफीको जातीय अनुसन्धानसँगै बिरुवा उत्पादनका विभिन्न चरणमा समेत अध्ययन भइरहेको छ। मातृबोट छनोट, हाँगा तथा बीउको छनोट, माटोको उपयुक्तता, बिरुवा उत्पादन विधि र उत्पादित बिरुवाको गुणस्तर कायम गर्ने विषयमा अनुसन्धान भइरहेको गौतमले बताए। कफीमा लाग्ने रोगकीरा नियन्त्रण र मलखाद व्यवस्थापनका उपयुक्त प्रविधि विकास गर्ने कामलाई पनि प्राथमिकता दिइएको छ।

अनुसन्धानबाट कफीमा लाग्ने सिन्दुरे रोग, सेतो गवारो कीरा नियन्त्रण तथा मलखाद व्यवस्थापनसम्बन्धी प्रविधि विकास गरिएको छ। कफी खेतीमा छहारी व्यवस्थापन, रोप्ने विधि, मलखादको मात्रा र रोगकीरा व्यवस्थापनका विषयमा परीक्षण भइरहेको छ। उत्पादित कफीको गुणस्तर सुधारका लागि समेत अध्ययन जारी रहेको कार्यालयले जनाएको छ।

अनुसन्धानसँगै उन्नत जातका बीउ तथा बेर्नाको उत्पादन र वितरण पनि कार्यक्रमको अर्को महत्वपूर्ण काम बनेको छ। कार्यालयले वार्षिक १२ हजारभन्दा बढी उन्नत जातका कफीका बेर्ना उत्पादन गरी बिक्री तथा वितरण गर्दै आएको छ। यस वर्ष १५ हजारभन्दा बढी बेर्ना उत्पादन भएको गौतमले जानकारी दिए। त्यस्तै, करिब एक सय पाँच किलोग्राम उन्नत जातका कफीका बीउ बिक्री गरिएको छ।

कार्यालयले जात खुलेको कफीको बेर्ना प्रतिगोटा ३५ रूपैयाँ र बीउ प्रतिकिलोग्राम दुई हजार पाँच सय रूपैयाँमा बिक्री गर्दै आएको छ। अनुसन्धानबाट उत्पादित बीउ तथा बेर्नाप्रति किसान र कृषि समूहको आकर्षण बढ्दै गएको कार्यालयको भनाइ छ।

कफी खेती विस्तार भइरहेका जिल्लामा उन्नत जातका बीउ तथा बेर्नाको माग बढे पनि मागअनुसार आपूर्ति गर्न नसकिएको कार्यालयले जनाएको छ। सीमित बजेटका कारण गत आर्थिक वर्षमा ५१ किलोग्राम कफीको बीउ र १० हजार बेर्ना उत्पादन गर्ने लक्ष्य राखिएको थियो। तर यस वर्ष बीउतर्फ पाँच सय किलोग्राम र बेर्नातर्फ १८ हजारभन्दा बढीको माग आएको छ।

मागको तुलनामा उत्पादन क्षमता कम हुँदा किसानलाई आवश्यक परिमाणमा बीउ तथा बेर्ना उपलब्ध गराउन नसकिएको गौतमले बताए। उनका अनुसार अनुसन्धान कार्यक्रमको सीमित स्रोतसाधन र दक्ष जनशक्तिको अभावले उत्पादन तथा अनुसन्धान दुवै काम प्रभावित भइरहेका छन्।

(बाँकी पृष्ठ ० मा)

अधुरो अस्पताल, निर्माण सामग्रीमाथि प्रश्न



बेदु गौड
नवलपरासी, १६ कात्तिक।

सुनवल नगरपालिकामा निर्माणाधीन १५ शय्याको नगर अस्पतालको भवन निर्माणमा कमसल सामग्री प्रयोग भएको भन्दै स्थानीयले प्रश्न उठाएका छन्। ठेक्का सम्झौता भएको पाँच वर्ष बितिसक्दा पनि अस्पताल निर्माण पूरा नभएको र निर्माण सामग्रीको गुणस्तरमाथि स्थानीयले आशङ्का व्यक्त गरेपछि नगरपालिकाको अनुगमन प्रणालीमाथि समेत प्रश्न उठेको छ।

स्थानीयका अनुसार अस्पतालजस्तो संवेदनशील सार्वजनिक संरचना निर्माण गर्दा प्रयोग हुने सामग्री र निर्माणको गुणस्तरमा विशेष ध्यान दिनुपर्ने भए पनि निर्माणस्थलमा त्यसअनुसारको निगरानी देखिएको छैन। ठेकेदारले कमसल ईंटालगायतका सामग्री प्रयोग गरिरहेको उनीहरूको आरोप छ। निर्माणकै क्रममा गुणस्तरमा सम्झौता गरिए अस्पताल सञ्चालनमा आएपछि भवन चर्किने, भत्किने र नागरिकको सुरक्षामा जोखिम उत्पन्न हुन सक्ने उनीहरूको चिन्ता छ।

विशेषगरी निर्माणस्थलमा प्रयोग भइरहेका ईंटाको गुणस्तरताई लिएर स्थानीयले प्रश्न उठाएका छन्। प्रयोगशालामा परीक्षण गरिएका नमुना र निर्माणस्थलमा वास्तविक रूपमा प्रयोग भइरहेका सामग्रीबिच तालमेल भए-नभएको यकिन गर्नुपर्ने उनीहरूको माग छ।

एक स्थानीयले निर्माणस्थलमा प्रयोग भइरहेका ईंटा देखाउँदै आँखाले हेर्दासमेत गुणस्तर छुट्याउन सकिने अवस्थामा प्राविधिकहरूले कागजी प्रतिवेदनलाई मात्रै आधार बनाएको आरोप लगाए। "औंल र दोयम ईंटा छुट् याउन प्राविधिक परीक्षण नै चाहिँदैन। अहिले प्रयोग भइरहेका ईंटा हेर्न पनि कोही प्राविधिक आएको देखिँदैन," उनले भने।

स्थानीयले निर्माण सामग्रीको गुणस्तर परीक्षणसँगै नगरपालिकाको नियमित अनुगमनमाथि पनि प्रश्न उठाएका छन्। उनीहरूका अनुसार नगरपालिकाले प्रभावकारी रूपमा स्थलगत अनुगमन नगर्दा ठेकेदारलाई आफूखुसी निर्माण सामग्री प्रयोग गर्ने अवसर मिलेको हो। सार्वजनिक बजेटबाट निर्माण भइरहेको अस्पतालमा गुणस्तरहीन सामग्री प्रयोग भएको भए त्यसलाई सामान्य रूपमा लिन नहुने उनीहरूको भनाइ छ।

तर नगरपालिकाको योजना शाखाले भने निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गराउँदा गुणस्तर ठीक रहेको दाबी गरेको छ। योजना शाखाका प्राविधिक अधिकृत तोयनाथ शर्माले आँखाले हेरेकै आधारमा कुनै सामग्रीलाई कमसल भन्न नमिल्ने बताए। उनले प्रयोगशाला परीक्षण तथा सामग्रीसम्बन्धी कागजातका आधारमा निर्माणको गुणस्तर मूल्याङ्कन गर्नुपर्ने धारणा राखेका छन्।

यद्यपि स्थानीयले प्रयोगशालामा परीक्षण गरिएका नमुनाको नतिजाले निर्माणस्थलमा प्रयोग भइरहेका सबै सामग्रीको गुणस्तर सुनिश्चित नगर्ने भन्दै थप परीक्षणको माग गरेका छन्। निर्माणस्थलमा प्रयोग भएका ईंटा, सिमेन्ट, बालुवा, गिट्टी र छडको वास्तविक अवस्था परीक्षण गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने उनीहरूको माग छ।

नगरपालिकाकै एक कर्मचारीले पनि निर्माण आयोजनाको प्रभावकारी अनुगमनमा समस्या रहेको स्वीकार गरेका छन्। उनका अनुसार कतिपय ठेकेदारले नगरपालिकाका प्राविधिकले दिएका सुझावसमेत बेवास्ता गर्ने गरेका छन्। ठेकेदारको माथिल्लो तहसम्म पहुँच हुने र स्थानीय तहका प्राविधिकको सुझाव कार्यान्वयनमा समस्या आउने गरेको उनको भनाइ छ।

(बाँकी पृष्ठ २ मा)

तिहारलाई बुटवलमै फुल्यो ३० लाखको फूल !

ओपी खनाल
बुटवल, १६ कात्तिक।



भारतबाट आयातित माला प्रतिबन्ध लगाएको बुटवल उपमहानगरपालिकामा यो वर्ष तिहार लक्षित ३० लाखभन्दा बढीका फूल फुलेका छन्।

बुटवल उपमहानगरपालिका कृषि विकास शाखाको तथ्याङ्कअनुसार पालिकाका विभिन्न १७ ठाउँमा किसानले व्यावसायिक रूपमा तिहार लक्षित फूलखेती गरेका छन्। पालिकाको कृषि विकास शाखा प्रमुख अधिकृत सन्तोष जिसीका अनुसार १७ स्थानमा ७० कठ्ठाभन्दा बढी क्षेत्रमा यो वर्ष व्यावसायिक पुष्पखेती भएको छ।

अधिकृत जिसीका अनुसार बुटवलगायतका स्थानका लागि करिब ५० देखि ६० हजार माला आवश्यक पर्दछ। जसमा बुटवलले मात्रै यो वर्ष करिब ३२ देखि ३५ हजारभन्दा बढी माला र सोहीअनुसार पूजाका लागि फूल तयारी अवस्थामा रहेको छ।

करिब ३५ हजार मालालाई आर्थिक रूपान्तरण गर्दा करिब ३० लाख बराबरको कारोबार हुने अपेक्षा गरिएको छ। यो वर्ष अघिल्लो वर्षजस्तै बुटवल फूलमा आत्मनिर्भर भएको उनको दाबी छ।

कारोबारका आधारमा अझै मूल्य बढी भएमा किसानले अझ बढी मूल्य पाउने अपेक्षा पालिकाले गरेको छ। बुटवल उपमहानगरपालिकाले विगतका वर्षमा झैं यो वर्ष पनि बुटवलको मुख्य बजार क्षेत्रमा ट्राफिक चोकमा किसानका लागि बिक्री कक्षको समेत व्यवस्था गर्ने लागेको छ।

(बाँकी पृष्ठ ० मा)

सम्पादकीय

धान र उखुको मूल्य निर्धारण कहिले ?

यतिबेला किसानको खेतमा धान भित्राउने चटारो छ। अधिकांश किसानले यो बर्षको धान भित्राईसके केही भित्राउने तरखर गर्दैछन्। त्यसैगरी उखु किसानले पनि उखु काटने तयारी गर्दैछन्। ठिक यही बेला धान र उखुको मूल्य तोकिनुपर्ने हो। गल्लावाल साहुसंग धान दिने सर्तमा खेती लगाएका किसानले समयमै धान र उखुको मूल्य नतोकिँदा सस्तोमा धान र उखु बेच्न बाध्य हुनुपर्ने अवस्था आएको छ। यो विषयमा नेपाल सरकार कृषि मन्त्रालयको ध्यान कहिले जान्छ ? धान र उखुमा पनि बिचौलिया हावी भयो भने त्यो किसानका लागि मात्र नभै आम उपभोक्ता जसले चामल किनेर खानुपर्ने अवस्था छ, उनीहरूका लागि मूल्यवृद्धि हुने छ। तसर्थ सरकारले अब ढिलाई नगरि धान र उखुको न्यूनतम समर्थन मूल्य तोक्ने काम गरोस्। त्यसैपनि अहिले उत्पादित धान विक्री गर्ने समय हो तर विक्रीकालागि पनि किसानले गुहार माग्नुपर्ने बाध्यता छ। धान उत्पादक किसानले धान खरिद प्रक्रिया अविलम्ब अगाडि बढाउन र मलको सहज आपूर्तिको माग गर्दै आएका छन्। नेपाल किसानमहासंघ र अखिल नेपाल किसान महासंघले यही माग राखेका छन्। तसर्थ अब बिलम्ब नगरि यो विषयमा सरकारको ध्यान जाओस्। होइन भने किसानले हरेक वर्षजस्तै यो बर्ष पनि खाद्य संस्थानमा तालाबान्दी गर्नुपर्ने अवस्था आउन सक्छ। किसानले आफूहरूका माग सम्बोधन गर्न सरकारले आनाकानी गरिरहेको गुनासो गरिरहेका छन्। विडम्वना नै भन्नुपर्दछ जुन देशलाई कृषिप्रधान देश भनिएको छ त्यही देशका नागरिक न्यायको माग राख्दै आन्दोलनमा उत्रिनुपर्दछ। सरकार आफ्नै घोषणा र प्रतिवद्धताविपरीत धान खरिदबाट भाग्नु सरकारको असक्षमताको पराकाष्ठा हो। सरकारले धानको मूल्य तोक्दैन अनि आफूपनि धान खरिदबाट भागिरहेको छ। वास्तविक किसानले उत्पादनको लागत मूल्य समेत पाउँदैनन्। बालेन नेतृत्वको सरकारमा थोरै भएपनि मानवीय मूल्य छ भने तत्काल धान र उखुको समर्थन मूल्य तोकियोस्। होइन भने किसानहरू फेरीपनि आन्दोलनमा आउनुपर्ने बाध्यता हुनसक्छ। कृषि प्रधान देशको बिडम्वना भन्नुपर्दछ- अहिलेसम्म धानको मूल्य नपाएको किसानको गुनासो छ। किसानले देशलाई खाद्यान्नमाआत्मनिर्भर बनाउनकै लागिमल र बीउको माग गरेका हुन।

सरकारले हरेक बर्ष धान बाली भित्राउने समय सुरु हुनासाथ धान खरिद प्रक्रिया अगाडि बढाउनुपर्नेमा सम्पूर्ण उत्पादित धान व्यापारी कहाँ पुग्न लाग्दासम्म मूल्य नतोक्ने र धान खरिद नगर्ने सरकारी निकायको रवैयाले किसान ठूलो मारमा पर्नुपरेको छ। अहिले किसानहरू व्यापारीहरूलाई सस्तो मूल्यमा धान बिक्री गर्न बाध्यछन्। यो क्रम बर्षौंदेखि चलिआएको छ। किसानले त्यसका विषयमा गुनासो गर्दै आएका छन तर समस्याको सम्बोधनमा आनाकानी भैरहेको छ। जेनजी आन्दोलनपछि बनेको जनताको भनिने यो सरकारले कम्तिमा किसानको समस्या सम्बोधनमा ढिलाई नगरोस्। किसानका लागि जुन सरकार आएपनि कानै चिरेको उखान चरितार्थ गर्ने काम नहोस्। धान किसानमात्रै होइन समस्या उखु किसानको पनि उस्तै छ। एकातिर उखु किसानले बर्षौंसम्म चिनी मिलबाट भुक्तानी नपाएको समस्या छ। अर्कोतीर समयमा सरकारले मूल्य नतोक्दा किसानले तनावबाहेक केही पाउने अवस्था छैन। यही रवैयाले कृषिप्रधान मुलुकका किसानको उत्थान कसरी हुन्छ ? तसर्थ सरकार धान र उखुको मूल्य अविलम्ब निर्धारण गर।

आज र भोलीको राष्ट्रिय अभियान सफल पारौं



भोजराज पोखरेल

राष्ट्रिय भिटामिन ए तथाजुकाको औषधी खुवाउने कार्यक्रम नेपाल सरकार स्वास्थ्य तथाखाद्य स्वच्छता मन्त्रालय स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा अन्तरगत रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा कार्तिक १७ र १८ गते एकै साथ ६ देखि ५९ महिनाका शिशु तथा बालबालिकालाई रहेको छ। सरकारले भिटामिन ए क्याप्सुल सन् १९९३ देखि र भिटामिन ए सँगै जुकाको औषधि सन् २००१ देखि सुरु गरेको यस कार्यक्रममाआफ्ना बालबालिकाहरूलाई अभियानमा नछुटाऔं। हरेक वर्ष वैशाख र कार्तिक महिनामा संचालनहुदै आईरहेको यो महाअभियान चाडपर्वका कारण कार्तिक १७ र १८ गते देशैभरी एकैसाथखुवाउन परिपत्रगरिएको हो। यो अभियानलाई सबैले सार्थदिनु जरुरी छ। आफ्ना भविष्यका कर्णधार ६ महिनादेखि ५ वर्षसम्मको उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई भिटामिन ए को क्याप्सुल र जुकाको औषधीखुवाउननभुलौं। यो अभियानले बच्चालाई कमजोर हुनबाट बचाउँछ। लुलो लङ्गडोको साथै असक्त हुनबाट बचाउनुका साथै अरु रोगसंग लड्ने क्षमतापनि बढाउँछ। रतन्धो जस्तो घातक रोग हुनबाट समेत बचाउँछ। त्यसैले आफ्ना बालबालिकालाई निशुल्क रुपमाउपलब्धभएको यो औषधी सेवन गराउने कार्यमा सहभागी बनौं। भिटामिन ए को कमीको रोकथाम तथा नियन्त्रण कार्यक्रमको लागी हरेक सुचिकृत स्वास्थ्य संस्थाहरुले सामुदायीक महिला स्वास्थ्य स्वयंसेविकाहरुद्वारा बर्षको २ पटक कार्तिक र वैशाख महिनामा खुवाईन्छ। जसमा ६ देखि १२ महिनाका लागि आधा क्याप्सुल र १२ महिना पुरा भएदेखि ५ बर्ष सम्मका लागि एक क्याप्सुल खुवाउनु पर्दछ। साथै दादुरा, कडा कुपोषण, दिर्घ झाडापखाला र भिटामिन ए को कमीबाट हुने आँखा सम्बन्धि रोगहरुको लागि पनि स्वास्थ्य संस्थाहरुबाट भिटामिन ए को क्याप्सुलको व्यवस्था छ। त्यसैगरी शिशुलाई स्तनपानमार्फत भिटामिन ए को आपुर्ति गर्ने उद्देश्यले सुत्केरी महिलालाई शिशु जन्मेको ६ हप्ताभित्र स्वास्थ्य संस्था तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाबाट एक क्याप्सुल २,००००० आई.यु. भिटामिन ए खुवाईन्छ। परजीवी नियन्त्रण कार्यक्रम अन्तर्गत जन्मेदेखि १ बर्ष उमेरसम्मका बालबालिकालाई जुकाको औषधि खुवाईदैन भने १ बर्षदेखि ५ बर्षसम्मका बालबालिकालाई सामुदायीक महिला स्वास्थ्य स्वयंसेविकामार्फत अर्धवार्षिक रुपमा कार्तिक र वैशाख महिनामा जुकाको औषधि अल्बेन्डाजोल ४०० मिलिग्राम एक मात्रा खुवाउने गरिन्छ। विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत विधालय जाने बालबालिकालाई अर्धवार्षिक रुपमा जेठ र मंसिर महिनाको पहिलो हप्तामा जुकाको औषधी अल्बेन्डाजोल ४०० मिलिग्राम एकमात्रा खुवाउने चलन छ र सोही अनुसार सहभागी गराई खुवाउनु पर्दछ। ६ महिनादेखि २ वर्ष मुनिका बालबालिकाहरूलाई बहुसुक्ष्म पोषक तत्व (बालभिटा) वितरण गरिँदै छ भने ५ वर्ष मुनिका बालबालिकालाई पाखुराको नाप लिईदैछ। त्यसैले यो कार्यक्रम एउटा महत्वपूर्ण कार्यक्रम भएको हुनाले यसलाई अभियानकै रुपमा संचालनमा ल्याईएको पाईन्छ।

के हो त भिटामिन ए :

व्यक्तिको शारीरिक क्रियाकलापलाई नियन्त्रण गरी राम्रोसंग कार्य गर्न थोरै मात्रामा चाहिने तर शरीरलाई नभै नहुने सुक्ष्म पोषकतत्वको रुपमा मानिने रासायनिक पदार्थलाई भिटामिन भनिन्छ। भिटामिन ए ले शरिरलाई विभिन्न किसिमका संक्रमणबाट रोकथाम गर्दछ। आँखालाई स्वस्थ्य राख्दछ। बालबालिकाको बृद्धि विकासमा महत्वपूर्ण सहायता गर्दछ। यो आमाको बिगौती दुध, सिङ्गै माछा, जनावरको दुध, हरिया सागपात, कर्कलो, जनावरको कलेजो र किड्नी, अण्डा, पहेँलाफलफूल, तरकारी, फर्सी, मेवाआदीमा श्रोतको रुपमा पाईन्छ भने तयारी क्याप्सुलको रुपमा विभिन्न मात्रामा सुरक्षित साथतयार पारिएको हुन्छ।

यसरी नेपाल सरकारको कार्यक्रमलाई आ- आफ्नो पायक पर्ने स्वास्थ्य संस्थामा आफ्नो बालबालिकाले प्राप्त गर्ने समय अवधिका आधारमा अनिवार्य रुपमा गएर आ-आफ्ना बालबालिकालाई यस्ता प्राणघातक डरलाग्दा रोगबाट बचाउन औषधि सेवन गराउनु हरेक बाबाआमा र सरोकारवाला सम्पूर्ण नागरिकको कर्तव्य मानिन्छ। तसर्थ कार्तिक १७ र १८ गते संचालित हुने भिटामिन ए र जुकाको औषधि खुवाउने राष्ट्रिय कार्यक्रममा सबै सहभागी भई भव्यताका साथ सफल पारौं। आ-आफ्ना बालबालिकालाई घातक रोगबाट बचाऔं। भिटामिन ए र जुकाको औषधि निशुल्क पाईन्छन्। य दुवै सुरक्षित छन्। यीदुवै औषधिले जीवन रक्षा गर्दछन्।

को को हुन् त ३३ कोटी देवता ?



विशाल पाण्डे

हिन्दू धर्ममा ३३ कोटी देवताको अवधारणा प्राचीनकालदेखि प्रचलित छ। धार्मिक अनुष्ठान, पूजापाठ र प्रवचनमा यसको चर्चा सुनिन्छ। नेपाली समाजमा ३३ कोटी देवता भन्नाले सामान्यतया ३३ करोड देवता भन्ने बुझिन्छ। तर वास्तवमा ती देवता को को हुन ? उनीहरुको नाम के हो ? के शास्त्रमा साँच्चै ३३ करोड देवताको उल्लेख छ ? यी प्रश्नको उत्तर खोज्न वैदिक साहित्य र उपनिषद्हरुको सन्दर्भ बुझ्न आवश्यक हुन्छ। हिन्दू परम्परामा देवताहरुलाई प्रकृति, शक्ति, सृष्टि, समय र जीवनका विभिन्नपक्षसँग जोडेर व्याख्या गरिएको छ। ३३ कोटी देवताको अवधारणाले पनि प्राचीन वैदिक समाजले संसार र प्राकृतिक शक्तिलाई कसरी बुझ्यो भन्ने कुरा देखाउँछ।

३३ कोटी देवता भन्नाले के बुझिन्छ ?

संस्कृतमा 'कोटी' शब्दको अर्थ प्रसङ्ग अनुसार 'प्रकार' वा 'करोड' हुन सक्छ। नेपाली समाजमा ३३ कोटी भन्नाले ३३ करोड भन्ने मान्यता लोकप्रिय छ। तर बृहदारण्यक उपनिषद्, तेस्रो अध्यायको नवौं खण्डमा ३३ देवताको वर्गीकरण उल्लेख छ। त्यसमा आठ वसु, एघार रुद्र, बाह्र आदित्य, इन्द्र र प्रजापति समावेश छन्। आठ, एघार, बाह्र, एक र एक जोड्दा जम्मा ३३ हुन्छ। यसैले ३३ कोटीलाई ३३ प्रकारका देवताभनेर बुझ्ने व्याख्याको बलियो शास्त्रीय आधार छ। तर ३३ करोड भन्ने लोकप्रिय धार्मिक मान्यता कसरी ऐतिहासिक रुपमा विकसित भयो भन्ने विषयमा एउटै सर्वमान्य निष्कर्ष छैन। त्यसैले शब्दको अर्थ मात्रका आधारमा कुनै एक व्याख्यालाई सबै प्रसङ्गमा अन्तिम ठहर गर्नु उचित हुँदैन।

आठ वसु को को हुन ?

पहिलो समूह आठ वसुको हो। बृहदारण्यक उपनिषद्मा अग्नि, पृथ्वी, वायु, अन्तरिक्ष, आदित्य, द्यौ, चन्द्रमा र नक्षत्रलाई वसुहरुसँग सम्बन्धित प्राकृतिक तत्वका रुपमा व्याख्या गरिएको छ। अग्निआगो र ऊर्जासँग सम्बन्धित छन्। पृथ्वी जीवहरुको आधार हो। वायु जीवनका लागि आवश्यक हावासँग सम्बन्धित छ। अन्तरिक्ष पृथ्वी र आकाशबीचको क्षेत्र हो। आदित्य सूर्य तथा प्रकाशसँग सम्बन्धित छन्। द्यौले आकाशीय वा स्वर्गीय क्षेत्रलाई जनाउँछ। चन्द्रमा र नक्षत्रले आकाशीय पिण्ड तथा समयचक्रको महत्व देखाउँछन्। यस व्याख्याले प्रकृतिका तत्वलाई वैदिक परम्परामा धार्मिक महत्व दिइएको देखाउँछ। अन्य पुराणिक ग्रन्थमा आठ वसुका व्यक्तिगत नाम भने फरक रुपमा पाइन्छन्।

एघार रुद्र को को हुन ?

दोस्रो समूह एघार रुद्रको हो। रुद्र वैदिक साहित्यका प्रमुख देवता हुन् र पछिल्लो हिन्दू परम्परामा उनीहरुको सम्बन्ध भगवान् शिवसँग जोडिएको छ। रुद्रलाई शक्ति, परिवर्तन र विनाशसँग सम्बन्धित रुपमापनि बुझिन्छ। बृहदारण्यक उपनिषद्मा एघार रुद्रलाई शरीरका दस इन्द्रिय र मनसँग प्रतीकात्मक रुपमा जोडिएको छ। यसले देवताको व्याख्यामा मानव शरीर र मन सम्बन्धी दार्शनिक अर्थ पनि रहेको देखाउँछ। अन्य पुराणिक परम्परामा रुद्रका नाम फरक पाइन्छन्। एउटा प्रचलित सूचीमा मन्यु, मनु, महिनास, महान्, शिव, ऋतुध्वज, उग्रेता, भव, काल, वामदेव र धृतव्रत उल्लेख गरिन्छ। यो सूची सबै ग्रन्थमा समान छैन र बृहदारण्यक उपनिषद्को प्रत्यक्ष नामावलीपनि होइन।

बाह्र आदित्य को को हुन ?

तेस्रो समूह बाह्र आदित्यको हो। आदित्यहरु सूर्य, प्रकाश र ब्रह्माण्डीय व्यवस्थासँग सम्बन्धित देवता हुन्। बाह्र आदित्यलाई वर्षका बाह्र महिनासँग जोडेर व्याख्या गर्ने परम्परा पनि पाइन्छ।

एउटा पुराणिक नामावली अनुसार बाह्र आदित्य धाता, मित्र, अर्यमा, शक्र, वरुण, अंश, भग, विवस्वान्, पूषा, सविता, त्वष्टा र विष्णु हुन्। विभिन्न ग्रन्थमा नामको सूची केही फरक हुन सक्छ। आदित्यहरुको अवधारणाले सूर्य, समय, ऋतु परिवर्तन र प्राकृतिक व्यवस्थाको महत्व देखाउँछ। कृषि र दैनिकजीवन प्रकृतिसँग निकट रुपमा जोडिएको समाजमा सूर्य र समयचक्रको धार्मिक महत्व हुनु स्वाभाविक थियो।

इन्द्र र प्रजापति को हुन ?

चौथो समूहमा इन्द्र र प्रजापति पर्छन्। इन्द्र वैदिक साहित्यका प्रमुख देवता हुन्। उनलाई देवताका राजा, वज्रधारी, पराक्रम र वर्षासँग सम्बन्धित देवताका रुपमा वर्णन गरिएको छ। ऋग्वेदमा इन्द्रको महत्वपूर्ण स्थान छ। वर्षा कृषि र जीवनकालागि आवश्यक भएकाले इन्द्रको पूजा वैदिक परम्परामा विशेष महत्वको थियो। प्रजापति सृष्टि, प्रजनन र जीवहरुको उत्पत्तिसँग सम्बन्धित देवता हुन्। वैदिक साहित्यमा उनलाई सृष्टिको विकास र प्राणीहरुको उत्पत्तिसँग जोडिएको छ। यसरी इन्द्र शक्ति र पराक्रमसँग सम्बन्धित छन् भने प्रजापति सृष्टि र जीवनको निरन्तरताका प्रतीकका रुपमा बुझिन्छन्।

३३ करोड देवता भन्ने मान्यता के हो ?

हिन्दू धर्ममा समयक्रमसँगै अनेक सम्प्रदाय, अवतार, स्थानीय देवता र देवीदेवताको पूजा विकसित भयो। विष्णु, शिव, दुर्गा, लक्ष्मी, सरस्वती, गणेश, राम र कृष्णजस्ता देवदेवी धार्मिक जीवनका महत्वपूर्ण अङ्ग बने। विभिन्न समुदायमा स्थानीय धार्मिक परम्परा पनि विकसित भए। यस विविधताले देवताको संख्या अत्यन्त ठूलो रहेको लोकप्रिय धारणालाई स्थान दिएको हुन सक्छ।

तर ३३ करोड देवताको मान्यता ठ्याक्कै कसरी विकसित भयो भन्ने विषयमा एउटै सर्वमान्य ऐतिहासिक निष्कर्ष छैन। त्यसैले ३३ करोड भन्ने लोकप्रिय मान्यता र वैदिक साहित्यमा पाइने ३३ देवताको वर्गीकरणलाई छुट्टाछुट्टै बुझ्नु आवश्यक छ। साथै, रुद्र, वसु र आदित्यका नाम विभिन्न ग्रन्थमा फरक हुन सक्ने भएकाले सबै नाम एउटै शास्त्रीय सूचीमा समान रुपमा पाइन्छन् भन्न मिल्दैन।

ध्यान दिनुपर्ने कुरा :

यहाँ 'नाम अनुसार ३३ देवता' खोज्दा एउटा भिन्नता बुझ्नुपर्छ। बृहदारण्यक उपनिषद्ले आठ वसुका रुपमा आठ प्राकृतिक तत्व उल्लेख गर्छ, तर एघार रुद्र र बाह्र आदित्यका सबै व्यक्तिगत नामलाई एउटै ठाउँमा आधुनिक सूचीको शैलीमा प्रस्तुत गर्दैन। त्यसैले रुद्र र आदित्यका माथि दिइएका नाम पुराणिक परम्परामा पाइने उदाहरण हुन्, उपनिषद्को एउटै पूर्ण नाम सूची होइनन। हिन्दू धर्मका ग्रन्थहरू लामो समयावधिमा र विभिन्न परम्परामा विकसित भएकाले नाम, संख्या र व्याख्यामा भिन्नता देखिनु अस्वाभाविक होइन। धार्मिक विषयको अध्ययन गर्दा कुनै मान्यतालाई उपहास गर्नु वा प्रमाण नहेरी सबै व्याख्यालाई ऐतिहासिक तथ्य मान्नु दुवै उचित हुँदैन। शास्त्रमा के लेखिएको छ, त्यसको भाषिक अर्थ के हो र पछि समाजमा कस्तो परम्परा विकसित भयो भन्ने कुरा छुट्याएर हेर्नुपर्छ। यसरी अध्ययन गर्दा आस्थाको सम्मानगर्दै विषयलाई तथ्यपरक रुपमा बुझ्न सकिन्छ।

धार्मिक तथा दार्शनिक महत्व:

३३ देवताको अवधारणा देवताको नाम गन्ने विषयमा मात्र सीमित छैन। आठ वसुको व्याख्याले प्रकृतिका तत्वको महत्व देखाउँछ। एघार रुद्रको उपनिषद्सम्बन्धी व्याख्याले मानव शरीर र मनसँग प्रतीकात्मक सम्बन्ध प्रस्तुत गर्छ। बाह्र आदित्यले सूर्य, समय र ब्रह्माण्डीय व्यवस्थालाई जोड्छन्। इन्द्र र प्रजापतिले शक्ति, वर्षा र सृष्टिसम्बन्धी धारणालाई प्रतिनिधित्व गर्छन्। हिन्दू धर्मका विभिन्न सम्प्रदायले देवता र परम सत्यको सम्बन्धलाई आ-आफ्नै दृष्टिकोणबाट व्याख्या गरेका छन। उपनिषद्हरुमा ब्रह्म र आत्माबारे गहिरो दार्शनिक चर्चा पाइन्छ। त्यसैले यस विषयको अध्ययन गर्दा धार्मिक आस्था, संस्कृत शब्दको अर्थ र ग्रन्थको ऐतिहासिक सन्दर्भलाई ध्यान दिनुपर्छ।

निष्कर्ष

'को को हुन् त ३३ कोटी देवता?' भन्ने प्रश्नको वैदिक आधारमा उत्तर खोज्दा आठ वसु, एघार रुद्र, बाह्र आदित्य, इन्द्र र प्रजापति गरी ३३ देवताको वर्गीकरण भेटिन्छ। बृहदारण्यक उपनिषदमा यसको उल्लेख छ। तर, विभिन्न पुराणिक ग्रन्थमा यी समूहका व्यक्तिगत नाम र विवरण फरक हुन सक्छन्। नेपाली समाजमा ३३ कोटी देवता भन्नाले ३३ करोड देवता भन्ने मान्यता लोकप्रिय छ, जबकि वैदिक साहित्यले ३३ देवताको वर्गीकरण प्रस्तुत गर्छ। यस विषयलाई बुझ्न दुवै धारणाको सन्दर्भ छुट्याउनु आवश्यक छ। यसको अध्ययनले हिन्दू धर्मको विविधतामात्र होइन, प्राचीन समाजले प्रकृति, समय, जीवन र सृष्टिलाई बुझ्ने गरेको धार्मिक तथा दार्शनिक प्रयास पनि उजागर गर्छ। यसैले ३३ कोटी देवताको चर्चा गर्दा वैदिक वर्गीकरण र जनमानसमा प्रचलित ३३ करोडको धारणाबीचको अन्तर स्पष्ट पार्नु नै सबैभन्दा सान्दर्भिक हुन्छ।

सरकारका गतिविधिविरुद्ध उत्रिँदै कांग्रेस

काठमाडौं (बुटवल टुडे), १६ कात्तिक- प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप, न्यायपालिकाको निष्पक्षता र संवैधानिक निकायहरुको स्वायत्ततामाथि प्रश्न उठाउँदै आएको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारविरुद्धको खबरदारीलाई संसद्मा केन्द्रित गर्ने रणनीति बनाएको छ। सञ्चारकर्मीलाई समाचार कक्षबाटै नियन्त्रणमा लिइएको घटनापछि थप आक्रामक देखिएको कांग्रेसले सरकारका पछिल्ला गतिविधिमाथि सदनभित्र र बाहिरबाट निरन्तर प्रश्न उठाउने निर्णय गरेको हो।

कांग्रेसले अदालतमा बिचौलियामार्फत मुद्दाको 'सेटिङ' भएको भनिएको प्रकरण छानबिन गर्न उच्चस्तरीय संसदीय समिति गठनको माग गर्ने निर्णयसमेत गरेको छ। यसका लागि प्रतिनिधिसभा र राष्ट्रियसभाको बैठक तत्काल आह्वान गर्न सरकारसँग आग्रह गर्ने निर्णय सोमबार बसेको पार्टी संसदीय दलको बैठकले गरेको हो।

कांग्रेसको पछिल्लो असन्तुष्टि पत्रकार पक्राउ प्रकरणमा मात्रै सीमित छैन। प्रधानमन्त्री बालेन्द्र शाह, पूर्वाधारमन्त्री सुनिल लम्साल र गृहमन्त्री सुधन गुरुङको कार्यशैली, न्यायपालिका तथा संवैधानिक निकायमाथि भइरहेको भनिएको हस्तक्षेप र सरकारको जवाफदेहिताको विषयलाई पनि पार्टीले राजनीतिक मुद्दाका रूपमा अघि सारेको छ।

शुक्रबार प्रहरीले मूलधारका सञ्चारमाध्यमका केही पत्रकारलाई समाचार कक्षबाटै नियन्त्रणमा लिएर समाचारको स्रोत खोजेको घटनापछि कांग्रेस सभापति गगनकुमार थापाले सरकारको चर्को आलोचना गरेका थिए। उनले उक्त घटनालाई शाही शासनकालमा भएको 'कु'सँग तुलना गर्दै प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपको संज्ञा दिएका थिए।

घटनापछि प्रधानमन्त्री कार्यालय र गृह मन्त्रालयले आफ्नो संलग्नता नरहेको दाबी गरेका थिए भने सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि विज्ञप्ति जारी गरी घटनाको विरोध गरेको थियो। तर, घटनाको जिम्मेवारी कसैले नलिएपछि कांग्रेसले सरकारमाथि नै प्रश्न उठाएको छ। राम्रो कामको जस लिने रास्वपाले आफ्नै नेतृत्वको सरकारका पालामा भएको घटनाको जिम्मेवारी पनि लिनुपर्ने कांग्रेसको तर्क छ।

आइतबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित पत्रकार सम्मेलनमा सभापति थापाले पत्रकार पक्राउ गर्ने निर्णय कुनै औपचारिक अनुसन्धान वा कानुनी प्रक्रियाका आधारमा नभई केही व्यक्तिबीचको छलफल र आदेशका आधारमा भएको हुन सक्ने आशय व्यक्त गरेका थिए।

'के अनुमान गर्न सकिन्छ भने केही ठाउँमा साथीहरू बस्नुभयो, पत्रपत्रिकामा आएका समाचारबारे कुराकानी गर्नुभयो। कुराकानी गर्दागर्दै ल केटाहरू हो उठाइदेऊ, उठाइदेऊ केटाहरूलाई आज। यसो नाम हेर, यी ८-१० जनालाई आजै उठाइदेऊ भनेर फोन गयो र उठाउने काम भयो,' थापाले व्यङ्ग्यात्मक शैलीमा भनेका थिए।

पत्रकारलाई नियन्त्रणमा लिने र केही समयपछि छाड्ने घटनाक्रमलाई उनले सरकारको अस्थिर तथा स्वेच्छाचारी कार्यशैलीको उदाहरणका रूपमा प्रस्तुत गरे। सरकारमा रहेका केही व्यक्तिमा 'आफू नै राज्य हुँ' भन्ने मानसिकता विकास भएको आरोप लगाउँदै थापाले राज्यका निकायलाई निजी आदेशपालक कार्यालयजस्तो ठान्ने प्रवृत्ति देखिएको टिप्पणी गरे।

'एउटा सानो समूह छ, जसले के ठान्न थाल्यो भने- वी आर द स्टेट। हामीले बोलेको कुरा स्टेटमेन्ट हुँदैन, हुकुम हुन्छ,' थापाले भने, 'स्टेटका जति पनि अङ्ग र अदालत छन्, ती हाम्रा निजी आदेशपालक कार्यालयहरू हुन्।'

कांग्रेसले सरकारको कार्यशैलीलाई एउटा घटनामा सीमित नराखी राज्यका संस्थाहरूको स्वायत्तता र लोकतान्त्रिक पद्धतिसँग जोडेर हेरेको छ। पार्टीले सरकार गठन भएदेखि नै न्यायपालिका र संवैधानिक निकायमाथि हस्तक्षेप तथा दबाब सिर्जना गर्ने गतिविधि भइरहेको आरोप लगाउँदै आएको छ।

पछिल्लो समय बिचौलिया इमम सापकोटासँग न्यायाधीशहरूको नाम जोडिएर सार्वजनिक भएका विषयले पनि कांग्रेसको चासो बढाएको छ। अदालतमा बिचौलियामार्फत मुद्दाको मिलेमतो भएको भनिएको प्रकरणमा निष्पक्ष अनुसन्धान हुनेमा कांग्रेसले शंका व्यक्त गरेको छ। उक्त प्रकरणमा न्यायालयसँगै सरकार प्रमुख र प्रहरीको समेत नाम जोडिएको भन्दै सरकारी निकायबाट हुने अनुसन्धानको निष्पक्षतामाथि प्रश्न उठाइएको छ।

कांग्रेसले न्यायपालिका र संवैधानिक संस्थाहरूको स्वतन्त्रता, स्वच्छता तथा स्वायत्तता कायम राख्नुपर्ने विषयलाई आफ्नो प्राथमिकतामा राखेको सभापति थापाले बताएका छन्। सरकारका गतिविधिले संस्थागत स्वतन्त्रता कमजोर बनाउने जोखिम रहेको पार्टीको आरोप छ।

यसैगरी कप्तानगञ्ज घटना, गृहमन्त्री सुधन गुरुङको सम्पत्तिसम्बन्धी प्रश्न, भदौ २३ र २४ गतेको जेनजी आन्दोलन तथा त्यसको छानबिनका क्रममा राष्ट्रिय मानवअधिकार आयोगले दिएको प्रतिवेदनलगायत विषयमा पनि कांग्रेसले सरकारसँग जवाफ माग्ने तयारी गरेको छ। संवेदनशील घटनाको छानबिनका लागि गठन गरिएका समिति तथा तिनका प्रतिवेदन सार्वजनिक नगरी सम्बन्धित व्यक्तिलाई उन्मुक्ति दिने प्रयास भइरहेको कांग्रेसको आशंका छ।

सरकारका गतिविधिमाथि असन्तुष्टि जनाउँदै आएको कांग्रेसले अब संसद्लाई सरकारसँग जवाफ माग्ने प्रमुख थलो बनाउने भएको छ। सोमबार बसेको संसदीय दलको बैठकले अदालतमा बिचौलियामार्फत मुद्दाको 'सेटिङ' भएको भनिएको प्रकरणमा उच्चस्तरीय संसदीय छानबिन समिति गठनको माग गर्ने निर्णय गरेको संसदीय दलका नेता भीष्मराज आङदेम्बेले जानकारी दिए।

कफीका...

गुल्मीमा उत्पादित कफीका बिरुवाको माग जिल्लाबाहिर पनि बढ्दै गएको छ। गुल्मीबाहेक अर्घाखाँची, कास्की, स्याङ्जा, लमजुङ, धादिङलगायत ४२ भन्दा बढी जिल्लाबाट बीउ तथा बेर्नाको माग आउने गरेको छ। कफी खेती विस्तार गर्न चाहने किसान, समूह तथा सहकारीबाट माग बढे पनि आवश्यक परिमाणमा उत्पादन गर्न नसकिएको कार्यालयको भनाइ छ।

कफीको व्यावसायिक विस्तारका लागि व्यक्तिगत किसानको प्रयाससँगै समूह तथा सहकारीमार्फत बीउ-बेर्ना उत्पादन गर्नुपर्ने गौतमको सुझाव छ। स्थानीय स्तरमा उत्पादन क्षमता विस्तार गर्न सके अनुसन्धान कार्यक्रममाथिको निर्भरता घट्ने र किसानले आवश्यकताअनुसार बिरुवा पाउन सक्ने उनको भनाइ छ।

गुल्मीमा कफी खेतीको विस्तार र प्रवर्द्धनका लागि कृषि ज्ञान केन्द्र, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कफी विकास केन्द्र आपचौर, कफी अनुसन्धान कार्यक्रम भण्डारीढाँडा तथा स्थानीय तहले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन्। जिल्लामा हाल तीन सय हेक्टरभन्दा बढी क्षेत्रफलमा कफी खेती भइरहेको छ।

नेपालमा कफीको व्यावसायिक सम्भावना बढ्दै जाँदा उत्पादन मात्र नभई गुणस्तरीय बीउ, उपयुक्त जात, रोग नियन्त्रण र खेती प्रविधिको विकास पनि उत्तिकै महत्वपूर्ण बनेको छ। गुल्मीमा भइरहेको जातीय अनुसन्धानले औपचारिक रूपमा कफीका जात सिफारिस गर्ने आधार तयार पार्नुका साथै देशभरका कफी उत्पादक किसानलाई लाभ पुन्याउन सक्ने अपेक्षा गरिएको छ। तर त्यसका लागि अनुसन्धानको निरन्तरता, दक्ष जनशक्ति, पर्याप्त बजेट र बीउ-बेर्ना उत्पादन क्षमता विस्तार गर्नुपर्ने देखिन्छ।

अधुरो...

निर्माणको गुणस्तर कायम गराउन जनप्रतिनिधि पनि जिम्मेवार भएर प्रस्तुत हुनुपर्ने उनले बताए।

नगरपालिकाका अनुसार अस्पताल भवन, चिकित्सक आवासलगायतका संरचना निर्माणका लागि कुल १३ करोड ६४ लाख २० हजार ६६७ रुपैयाँको आयोजना रहेको छ। उक्त आयोजना निर्माणका लागि श्यामसुन्दर-एनपी जेभी, रुपन्देहीले नौ करोड ४५ लाख ९९ हजार ६१८ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो। पछि लागत परिवर्तन (भेरिएसन) भएपछि ठेक्काको रकम बढेर नौ करोड ९३ लाख २५ हजार २७९ रुपैयाँ पुगेको छ।

२०७८ असार २५ गते ठेक्का सम्झौता भई २०७९ पुस ३० गतेसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। तर निर्धारित समयमा काम सम्पन्न हुन सकेन। ठेकेदारले समयमा काम नगरेपछि आयोजना विवादित बनेको थियो। ठेक्कासम्बन्धी विवाद अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि अदालतसम्म पुगेको थियो। त्यसपछि पनि निर्माणले अपेक्षित गति लिन सकेन।

हाल आयोजनाको म्याद अन्तिम पटक थप गरी २०८३ पुस ३० गतेसम्म पुन्याइएको छ। तर थपिएको म्याद सकिन करिब डेढ महिना मात्र बाँकी रहँदा भौतिक प्रगति करिब ७० प्रतिशतमा सीमित रहेको छ। नगरपालिकाका प्राविधिकका अनुसार भुक्तानीमा भएको ढिलाइले पनि निर्माण कार्य प्रभावित भएको छ। ठेकेदारले हालसम्म सम्झौता रकमको करिब ५० प्रतिशत मात्रै भुक्तानी पाएको बताइएको छ।

पाँच वर्षसम्म आयोजना सम्पन्न हुन नसक्नु, ठेक्का रकम बढ्दै जानु र निर्माण सामग्रीको गुणस्तरमाथि प्रश्न उठ्नुले सार्वजनिक लगानीको प्रभावकारिताबारे समेत चासो बढाएको छ। स्थानीयले कम रकममा ठेक्का लिएर काम सुरु गरेका ठेकेदारले लागत बढ्दै जाँदा निर्माणमा गुणस्तरमा सम्झौता गरेको हुन सक्ने आशङ्का व्यक्त गरेका छन्। यद्यपि यसबारे स्वतन्त्र प्राविधिक परीक्षणबाट मात्रै वास्तविक अवस्था पुष्टि हुन सक्छ।

अस्पताल निर्माणमा भएको खर्च, ठेक्का सम्झौता, भेरिएसन, भुक्तानी र हालसम्मको भौतिक प्रगतिसम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने स्थानीयको माग छ। निर्माण सम्पन्न भएपछि भवनमा समस्या देखिए त्यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्नसमेत उनीहरूले उठाएका छन्।

यस आयोजनाको अनुगमनको जिम्मेवारी पाएका सुनवल नगरपालिकाका उपप्रमुख सूर्य दुवेसँग निर्माणको गुणस्तर र अनुगमनको अवस्थाबारे प्रतिक्रिया लिन फोन सम्पर्क गर्दा सम्पर्क हुन सकेन।

स्थानीयले अस्पताल निर्माणस्थलको तत्काल प्राविधिक अनुगमन गरी प्रयोग भइरहेका सामग्रीको स्वतन्त्र प्रयोगशाला परीक्षण गर्न माग गरेका छन्। निर्माण मापदण्डअनुसार काम भए-नभएको यकिन गरी कमजोरी देखिए ठेकेदार र जिम्मेवार पक्षलाई जवाफदेही बनाउनुपर्ने उनीहरूको भनाइ छ।

स्थानीय नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण भइरहेको अस्पतालको भवनमै गुणस्तरसम्बन्धी प्रश्न उठ्नु गम्भीर विषय बनेको छ। थपिएको म्यादभित्र निर्माण सम्पन्न गर्ने चुनौतीसँगै भवनको गुणस्तर सुनिश्चित गर्नु नगरपालिकाका लागि अर्को महत्वपूर्ण जिम्मेवारी बनेको छ। सार्वजनिक लगानीबाट निर्माण भइरहेको स्वास्थ्य संरचनाको वास्तविक अवस्था प्राविधिक परीक्षणसहित सार्वजनिक गर्नु आवश्यक देखिएको छ।

तिहारलाई...

बुटवलका विभिन्न क्षेत्रमा किसानले उत्पादन गरेको फूलको ठेगानासहित किसानको सम्पर्क नम्बरसमेत राखेर सूचना जारी गरेको छ। उपभोक्ताको सहजीकरणका लागि सूचना जारी गरिएको उपमहानगरपालिकाले जनाएको हो।

शुभ दीपावली (तिहार) तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण नगरवासीमा प्लास्टिकजन्य फूल तथा माला प्रयोग गर्दा वातावरण प्रदूषण हुने र मानव स्वास्थ्यमा नकारात्मक असर पर्ने देखिएकाले बुटवल उपमहानगरपालिका क्षेत्रभित्र यसको प्रयोगलाई निरुत्साहित गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले शुभ दीपावली (तिहार) तथा छठ पर्वमा स्थानीय उत्पादित फूल तथा मालाको प्रयोगमा जोड दिएको नगर प्रमुख खेलराज पाण्डेयले बताएका छन्।

बुटवल उपमहानगरपालिकामा यो वर्ष तीनवटा सहकारी संस्था–बुटवल जैविक कृषि सहकारी, बुटवल-१५, मोतिपुर कृषि सहकारी, बुटवल-१७ र हिमालयन कृषि सहकारी, बुटवल-१२ सहित एउटा निजी कम्पनी फोकस मल्टि एग्रोफार्म र अन्य १२ जना किसानले व्यक्तिगत रुपमा फूलखेती गरेका छन्।

बिस बिघामा कृषि पर्यटनको सपना

नवलपरासी (बुटवल टुडे), १६ कात्तिक- वर्षौंदेखि बाँझो र बगरका रूपमा रहेको तुरिया खोला किनारको जमिनलाई उत्पादनशील बनाउने अभियानमा रामग्रामका युवा देवेन्द्र चौधरी जुटेका छन्। नदीले थुपारेको बालुवा र गेग्रानले भरिएको बगरलाई खेतीयोग्य जमिनमा रूपान्तरण गर्दै कृषि उत्पादन र पर्यटनलाई जोड्ने उद्देश्यले उनले कोलिय एग्रो टुरिज्म पार्क निर्माणको पहल गरेका हुन्।



रामग्राम नगरपालिका-१८ ढिबवलस्थित तुरिया खोलाको बगरलाई हरियाली, कृषि उत्पादन र पर्यटकीय आकर्षणको केन्द्र बनाउने उनको योजना छ। यसका लागि उनले विद्यालयको प्रयोगविहीन जग्गा भाडामा लिएर फूलखेती र तरकारीखेती सुरु गरेका छन्। विद्यालयको उपयोगविहीन जग्गालाई उत्पादनसँग जोड्ने उद्देश्यले सुरु गरिएको उनको प्रयास अहिले तुरिया खोला किनारको करिब २० बिघा बगरसम्म विस्तार भएको छ।

चौधरीले प्रतिकट्ठा एक हजार रूपैयाँ भाडा तिर्ने गरी जग्गा लिएर कृषि गतिविधि अघि बढाइरहेका छन्। बगरमा खेती गर्न सहज छैन। खोलाले बगाएर ल्याएको बालुवा र गेग्रानका कारण माटो व्यवस्थापन, सिँचाइ र खेतीयोग्य जमिन तयार पार्न ठूलो मेहनत र लगानी आवश्यक पर्छ। तर यही चुनौतीलाई अवसरमा बदल्ने लक्ष्यसहित उनी बगरलाई उत्पादनको केन्द्र बनाउने प्रयासमा छन्।

उनको योजना कृषि उत्पादनमा मात्र सीमित छैन। फूलखेती, तरकारीखेती, वृक्षारोपण र प्राकृतिक वातावरणको संरक्षणलाई एकीकृत गर्दै कृषि पर्यटनको गन्तव्य बनाउने उनको लक्ष्य छ। यसबाट स्थानीय उत्पादनको बजार विस्तार, रोजगारी सिर्जना र क्षेत्रको पर्यटकीय सम्भावना उजागर हुने अपेक्षा गरिएको छ।

पार्कलाई हरियाली र आकर्षक बनाउने उद्देश्यले परिसरमा वृक्षारोपण कार्यक्रमसमेत आयोजना गरिएको छ। वृक्षारोपणमार्फत वातावरण संरक्षणसँगै पार्कको सौन्दर्य बढाउने र भविष्यमा पर्यटक आकर्षित गर्ने लक्ष्य राखिएको चौधरीले बताए।

यस अभियानमा लुम्बिनी प्रदेश सरकारले समेत केही सहयोग गरेको उनले जानकारी दिए। सरकारी सहयोगले प्रारम्भिक काम अघि बढाउन सहज भए पनि बगरलाई पूर्ण रूपमा खेतीयोग्य जमिनमा रूपान्तरण गर्न अझै ठूलो लगानी र प्राविधिक सहयोग आवश्यक रहेको उनको भनाइ छ।

"बगरलाई खेतीयोग्य जमिन बनाउने काम सजिलो छैन। यसका लागि निरन्तर मेहनत, लगानी र प्राविधिक सहयोग चाहिन्छ," चौधरीले भने, "अहिले तत्काल केही राहत र सहयोग प्राप्त भयो भने एग्रो टुरिज्म पार्कलाई विस्तारै आफ्नै आत्मनिर्भर बनाउन सक्छौं।"

उनका अनुसार सुरुवाती चरणमा आवश्यक पूर्वाधार निर्माण, माटो व्यवस्थापन, सिँचाइ र खेतीका लागि उपयुक्त वातावरण तयार गर्न सके पार्कलाई दीर्घकालीन रूपमा आफ्नै आम्दानीबाट सञ्चालन गर्न सकिने सम्भावना छ। कृषि उत्पादनसँगै पर्यटकीय गतिविधि विस्तार गर्न सके स्थानीय युवाले गाउँमै रोजगारी पाउने र स्थानीय उत्पादनले बजारसमेत पाउने उनको अपेक्षा छ।

चौधरीको प्रयासलाई स्थानीय उद्यमी नरेश जैसवाललले पनि सकारात्मक रूपमा लिएका छन्। उनका अनुसार यस अभियानले विद्यालयको जग्गाको उपयोग, वातावरण संरक्षण र कोलिय क्षेत्रको ऐतिहासिक पहिचान संरक्षणमा समेत योगदान पुऱ्याउन सक्छ।

"यस्ता काममा तीनै तहका सरकारले सहयोग गर्नुपर्छ। स्थानीयले पनि यस्ता युवालाई प्रोत्साहित गर्नुपर्छ," जैसवाललले भने, "कोलिय एग्रो पार्कको उदाहरण अन्य क्षेत्रमा पनि विस्तार गर्न सके बाँझो तथा उपयोगविहीन जमिनको सदुपयोगलाई बढावा दिन सकिन्छ।"

कोलिय क्षेत्रको ऐतिहासिक पहिचानसँग जोडिएको ढिबवललाई कृषि तथा प्राकृतिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने सम्भावना पनि यस अभियानसँग जोडिएको छ। कृषि उत्पादन, हरियाली र स्थानीय इतिहासलाई एकै ठाउँमा जोड्न सके यस क्षेत्रको पहिचान विस्तार गर्न सकिने स्थानीयको अपेक्षा छ।

तर करिब २० बिघा बगरलाई पूर्ण रूपमा खेतीयोग्य र व्यवस्थित पर्यटकीय क्षेत्रमा रूपान्तरण गर्न व्यक्तिगत प्रयास मात्र पर्याप्त देखिँदैन। यसका लागि स्थानीय तह, प्रदेश सरकार र सम्बन्धित निकायबाट आवश्यक पूर्वाधार, प्राविधिक ज्ञान, सिँचाइ सुविधा तथा आर्थिक सहयोग आवश्यक छ।

बगरमा खेती सम्भव छैन भन्ने परम्परागत सोचलाई चुनौती दिँदै चौधरीले थालेको प्रयास सफल भए नदी किनारका उपयोगविहीन जमिनलाई उत्पादनसँग जोड्ने एउटा नमुना बन्न सक्छ। कृषि, वातावरण संरक्षण र पर्यटनलाई एकीकृत गर्ने उनको योजनाले ढिबवल क्षेत्रको आर्थिक तथा पर्यटकीय सम्भावनालाई समेत उजागर गर्न सक्ने देखिन्छ।

सरकारको कार्यशैली नसच्चिए मुलुक संकटमा : शंकर पोखरेल

बुटवल (बुटवल टुडे), १६ कात्तिक- नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले लोकतान्त्रिक अधिकार, नागरिक स्वतन्त्रता र प्रेस स्वतन्त्रताको संरक्षणका लागि प्रमुख राजनीतिक दलहरूबिच साझा समझदारी र सहकार्य आवश्यक रहेको बताएका छन्। वर्तमान सरकारको कार्यशैलीले लोकतान्त्रिक व्यवस्थामाथि नै चुनौती थपेको आरोप लगाउँदै उनले संविधान निर्माण र लोकतान्त्रिक आन्दोलनमा भूमिका खेलेका राजनीतिक शक्तिहरू एक ठाउँमा उभिनुपर्नेमा जोड दिए।

प्रेस चौतारी नेपाल रूपन्देहीले सोमबार बुटवलमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै पोखरेलले सरकार स्वेच्छाचारी र अधिनायकवादी प्रवृत्तितर्फ अघि बढेको आरोप लगाए। सरकारको कार्यशैली नसच्चिए मुलुक थप राजनीतिक तथा आर्थिक संकटमा फस्न सक्ने उनको चेतावनी थियो। उनले विद्यार्थी संगठनका गतिविधिमा प्रतिबन्ध लगाउने, विश्वविद्यालयमा विद्यार्थी युनियनका अधिकार नियन्त्रण गर्ने तथा सञ्चारगृहभित्रै प्रवेश गरेर पत्रकार पक्राउ गर्ने र सञ्चारकर्मीलाई धम्क्याउनेजस्ता गतिविधि भइरहेको आरोप लगाए। यस्ता घटनाले नागरिकको अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतामाथि गम्भीर प्रश्न उठाएको उनको भनाइ थियो। लोकतन्त्रमा नागरिकका अधिकार कुण्ठित गर्ने र सञ्चारमाध्यमलाई त्रसित बनाउने काम स्वीकार्य हुन सक्दैन,' पोखरेलले भने, 'लोकतान्त्रिक व्यवस्थाको संरक्षणका लागि राजनीतिक दलहरूबिच साझा धारणा बन्नुपर्छ।'

नेपाल परिवार नियोजन रूपन्देही शाखाको सेवा तथा सामाग्री खरिद सम्बन्दी सूचना

सूचना प्रकाशित मिति: २०८३।०७।१७

यस नेपाल परिवार नियोजन संघ रुपन्देही शाखाको परिवार स्वास्थ्य क्लिनिक बुटवल ५ हाट बजारमा सेवा ग्राही प्रतिक्षा तथा स्वास्थ्य सेवा सटरहरु निर्माण प्रयोजनका लागि आवश्यक निर्माण सामाग्री हरु तथा सेवा खरिद गरि सटर निर्माण कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म वा व्यक्तिहरुले उक्त सेवा तथा आवश्यक पर्ने गिट्टी, बालुवा, सिमेन्ट, छड जस्ता लगायतका निर्माण सामाग्रीहरु र निर्माण कार्यका लागि आवश्यक सेवा प्रदान गर्नका लागि न्यूनतम दरभाउ सहितको सिलवन्दी कोटशसन सूचना प्रकाशित मितिले एक हप्ता भित्रमा वा अन्तिम दिन कार्यालय बिदा परेमा बिदा पछिको पहिलो कार्यालय खुल्ने दिन सम्ममा यस कार्यालयको कार्यालय समय भित्र सिलबन्दी कोटशन पेश गर्नुहुन यसै सूचनाद्वारा सूचित गरिन्छ ।

थप सम्पर्क वा परामर्शका लागि नेपाल परिवार नियोजन रुपन्देही शाखा कार्यालय बुटवल ५ हाट बजारमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

सम्पर्क: ०७१-५३००८१

भैरहवा भन्सारमा तीन महिनामै ३३ अर्ब राजस्व

बुटवल (बुटवल टुडे), १६ कात्तिक- आयात तथा निर्यात व्यापारमा वृद्धि भएपछि भैरहवा भन्सार कार्यालयको राजस्व संकलनमा उल्लेख्य सुधार आएको छ। चालु आर्थिक वर्ष २०८३-८४ को पहिलो तीन महिनामा कार्यालयले लक्ष्यभन्दा १३.८६ प्रतिशत बढी राजस्व संकलन गरेको छ।

भन्सार कार्यालयले साउनदेखि असोज मसान्तसम्म ३३ अर्ब ३४ करोड २० लाख रूपैयाँ राजस्व संकलन गरेको हो। उक्त अवधिका लागि २९ अर्ब २८ करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरिएको थियो। गत आर्थिक वर्षको सोही अवधिमा २७ अर्ब ७५ करोड ५३ लाख रूपैयाँ राजस्व संकलन भएको थियो। यस वर्ष गत वर्षको तुलनामा राजस्व संकलन करिब २० प्रतिशतले बढेको छ।

भन्सार कार्यालयका प्रमुख हरिहर पौडेलका अनुसार गत वर्ष पहिलो तीन महिनामा लक्ष्यको ९७.१४ प्रतिशत मात्रै राजस्व संकलन भएको थियो। यस वर्ष भने लक्ष्यको ११३.८६ प्रतिशत राजस्व संकलन भएको छ। व्यापारिक गतिविधिमा आएको विस्तार र आयातित वस्तुको परिमाण तथा मूल्यमा भएको वृद्धिले राजस्व संकलन बढाउन सहयोग गरेको उनले बताए।

पहिलो तीन महिनामध्ये असोजमा सबैभन्दा बढी राजस्व संकलन भएको छ। असोजमा १० अर्ब ९८ करोड रूपैयाँ संकलन गर्ने लक्ष्य रहेकामा १३ अर्ब ८८ करोड रूपैयाँ राजस्व उठेको छ। यो लक्ष्यको १२६.४१ प्रतिशत हो। साउनमा आठ अर्ब ५४ करोड रूपैयाँ लक्ष्य रहेकामा आठ अर्ब ८३ करोड दुई लाख रूपैयाँ र भदौमा नौ अर्ब ७६ करोड रूपैयाँ लक्ष्य रहेकामा १० अर्ब ६३ करोड १६ लाख रूपैयाँ संकलन भएको थियो।

विमालेख हराएको सूचना

मेरो निम्न व्यहोरा भएको बिमालेख मिति २०८३।४।६ गते बर्दघाट देखि बुटवल तर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा बुझाई दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नाम: तिलक बहादुर चौधरी

ठेगाना: बर्दघाट-०४, नवलपरासी, लक्ष्मीनगर

बिमालेख नं.: GLI 0710000696

मोबाईल नं.: ९८१३३८५३१५

दुई नामथर जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सुचित गरिन्छ की पाल्पा जिल्ला सानिक अर्गली गा.वि.स.-३, हाल तानसेन नगरपालिका-१४ निवासी भारतिय भू.पू.सैनिक नं. 5839181 H का NK गोपाल प्रसाद पराजुली (ना.प्र.मा गोपाल प्रसाद पराजुली) को श्रीमतिको नाम सिटरोल र पेन्सन पठ्ठामा लक्ष्मि देवी र जन्म मिति सन् १९५७ अगष्ट १६ (वि.स.२०१४/०४/३२) र नेपाली नागरिकता प्रमाणपत्रमा लक्ष्मि देवी पराजुली, जन्म मिति वि.स. २०१५/०५/१७ (सन् १९५८ सेप्टेम्वर २) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ।

दुई नामथर जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला सानिक चिर्तुझधारा गा.वि.स.-५ खोरबारी, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5447048 Y का TS-NK दिल बहादुर थापा (ना.प्र.मा दिल बहादुर दिशा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पठ्ठामा खिमसरा देवी र जन्म मिति सन् १९५९ मे १७ (वि.स.२०१६/०२/०३) र नेपाली नागरिकता प्रमाणपत्रमा खिमसरा दिशा, जन्म मिति वि.स. २०१६/०७/२५ (सन् १९५९ नोभेम्बर ११) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ।

दुई नामथर जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला सानिक गेभा गा.वि.स.-४, हाल रामपुर नगरपालिका-१० निवासी भारतिय भू.पू.सैनिक नं. 5340541 X का H/N Sub सोम बहादुर थापा (ना.प्र.मा सोम बहादुर साह) को श्रीमतिको नाम सिटरोल र पेन्सन पठ्ठामा दमन्ती सरा र जन्म मिति सन् १९५६ सेप्टेम्वर २० (वि.स.२०१३/०६/०५) र नेपाली नागरिकता प्रमाणपत्रमा दमन्ती सरा साह, जन्म मिति वि.स. २०११/०२/१५ (सन् १९५४ मे २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ।

दुई नामथर जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की गुल्मी जिल्ला सानिक ज्वादी गा.वि.स.-२, हाल रूपन्देही जिल्ला बुटवल उपमहानगरपालिका-११ निवासी भारतिय भू.पू.सैनिक नं. 5448074 P का HAV सुदर्शन साही (ना.प्र.मा सुदर्शन शाही) को श्रीमतिको नाम सिटरोल र पेन्सन पठ्ठामा तारा कुमारी साही र जन्म मिति सन् १९६५ अगष्ट २७ (वि.स.२०२२/०५/११) र नेपाली नागरिकता प्रमाणपत्रमा तारा कुमारी शाही, जन्म मिति वि.स. २०२७/०७/१२ (सन् १९७० अक्टुवर २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ।

लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, रोल्पा

फोन नं.: ०८६-४४०११८/ ४४०३०२ ९८५७८७७०११
वेबसाइट: akcrolpa.lumbini.gov.np
इमेल: akcrolpa@gmail.com

प्रस्ताव आवहान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०७/१६

यस कृषि ज्ञान केन्द्र, रोल्पाको आ. व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८३/०८/०६ गते सम्म) यस कार्यालयमा तपसिलको कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट akcrolpa.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ९८५७८७००११ मा सम्पर्क गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

- सिंचाइ सहित कृषि विकास कार्यक्रम
- प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम
- संरक्षित संरचनामित्र तरकारी खेतीका लागि प्लास्टिक वितरण कार्यक्रम
- माटामा आधारित कृषि विकास कार्यक्रम
- लक्षित वर्ग विशेष आयआर्जन कार्यक्रम (कृषि तर्फ)
- स्कूल हर्टिकल्चर कार्यक्रम
- युवा लक्षित कृषि उत्पादन / उद्यमशीलता कार्यक्रम
- रैथाने बाली तथा स्थानीय जातका बालीवस्तु प्रवर्द्धन कार्यक्रम
- कृषि उपज बजारीकरण सामग्रीमा सहयोग कार्यक्रम
- बीउ आलुको ढुवानी, बोरा तथा शित भण्डार शुल्कमा सहयोग कार्यक्रम
- सहकारी मार्फत कृषि प्रबर्द्धन कार्यक्रम

दर्ता नं.: १२५(८७८)०५३/०५७ फोन: ०७१-५७७०२९

साना किसान कृषि सहकारी संस्था लि. देवदह

SMALL FARMERS' AGRICULTURAL CO-OPERATIVE LTD. DEVDAHA

देवदह न.पा.-६, खैरेनी, रुपन्देही

शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री सम्बन्धी सूचना

धितो लिलाम गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३।०७।१७

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यले उपयोग गरेको ऋणको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा पटक पटक पत्राचार गरी ताकेता गर्दा पनि तिर्न बुझाउन नआएकोले मिति : २०८३/०३/२४ मा ३५ दिने ऋण बुझाउने बारेको सार्वजनिक सूचना प्रकाशन गरिएको थियो। उक्त सूचना प्रकाशन गरी ऋण भुक्तानीको आग्रह गर्दा समेत ऋणीले ऋणको साँवा, ब्याज तथा हर्जना समेत तिर्न बुझाउन नआएकोले संस्थाको ऋण रकम अशुल उपर गर्नका लागि ऋणीले ऋणको सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति (घरजग्गा समेत) जहाँ जस्तो अवस्थामा छ त्यस्तै अवस्थामा लिलाम बिक्रीको लागि सहकारी ऐन २०७४ को दफा ७९ र नियमावली २०७५ को नियम ३० (घ) बमोजिम धितो बापतको सम्पत्ति लिलाम बिक्रीको लागि यो ३५ दिने सूचना प्रकाशन गरिएको छ। शिलबन्दी बोलपत्र फारमका साथ संलग्न शर्तबन्देज हरुको अधिनमा रही तपसिलमा उल्लेखित अचल सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस संस्थाको केन्द्रिय कार्यालय /शाखा केन्द्रमा तोकिएको समय भित्र आई पुग्ने गरी शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। बोलपत्र खोल्ने दिन बोलपत्रदाताहरु तथा ऋणीलाई समेत उपस्थितीको लागि यसै सूचना मार्फत सूचित गरिन्छ। तर कोही उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन। सुरक्षणमा रहको सम्पूर्ण धितो बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा ऋणीको थप चल/अचल सम्पत्ति रोक्का गर्ने र पुन थप लिलामी प्रकृया अघि बढाउदै जमानी बस्ने व्यक्तिहरुको नाममा रहेको चलअचल जायजेथाबाट समेत अशुल उपर गर्नुका साथै सहकारी नियमावली २०७५ को परिच्छेद ८ अनुसार प्रकृया अघि बढाउने तथा सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ देखी ८६ सम्मको दफामा उल्लेख भएबमोजिम थप कारवाही प्रकृया अघि बढाउने समेत सूचित गरिन्छ।

तपसिल

ऋणीको नाम ठेगाना	धन जमानत दिने व्यक्तिको विवरण	धितोको विवरण
ऋणीको नाम: यादव पाण्डे बाबुको नाम: लक्ष्मीपती पाण्डे हजुरबुबाको नाम: खड्गानन्द पाण्डे समूह नं.: १६९ हालको ठेगाना: देवदह ५, ना.प्र.प.नं.: ३६६२५ जारी मिति: २०६३।०२।१६	जमानत दिनेको नाम: लक्ष्मीपती पाण्डे बाबुको नाम: खड्गानन्द पाण्डे हजुरबुबाको नाम: बालानन्द पाण्डे हालको ठेगाना: देवदह ५, ना.प्र.प.नं.: ४७३ जारी मिति: २०४४।१०।०९ ऋणी संगको नाता: बुवा	खड्गानन्द पाण्डेको नाति लक्ष्मीपती पाण्डेको छोरा श्री यादव पाण्डे को नाममा,परासी मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला सानिक सुनवल ४।क ८२१ को क्षेत्रफल (०-१-०-०) जग्गा, सो जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलिगापोत समेत
ऋणीको नाम: कमला दर्लामी पतिको नाम: हेम राज दर्लामी ससुराको नाम: देउ बहादुर दर्लामी समूह नं ६०३, ठेगाना: सानिक हुमिन गा.वि.स वडा नं ६, पाल्पा हालको ठेगाना: देवदह ७, ना.प्र.प.नं.: १०५९२९ जारी मिति: २०६१।०१।२०	जमानत दिनेको नाम: लक्ष्मी घर्ती बाबुको नाम: ढाल बहादुर घर्ती हजुरबुबाको नाम: ओम बहादुर घर्ती ठेगाना: माझागढी गा.पा. वडा नं ५, पाल्पा हालको ठेगाना.: देवदह -७ ना.प्र.प.नं.: ३९-०१-७५-०४९०७ जारी मिति: २०७५।०८।०९ ऋणी संगको नाता : आफन्त/छिमेकी	जय बहादुर ठिसवाको बुहारी सम्मर ठिसवाको पत्नी श्री भुमिका घर्ती को नाममा,परासी मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला सानिक तिलकपुर ३।च किता नं ५०८ को क्षेत्रफल (०-०-१०-०) जग्गा र सानिक तिलकपुर ३।च किता नं ५१० को क्षेत्रफल (०-०-१०-०) जग्गा सो जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलिगापोत समेत
ऋणीको नाम: लक्ष्मी घर्ती बाबुको नाम: ढाल बहादुर घर्ती हजुरबुबाको नाम: ओम बहादुर घर्ती ठेगाना: माझागढी वडा नं ५, पाल्पा हालको ठेगाना: देवदह -७, समुह नं.: ६०३ ना.प्र.प.नं.: ३९-०१-७५-०४९०७ जारी मिति: २०७५।०८।०९	जमानत दिनेको नाम: भुमिका घर्ती पति/बाबुको नाम: सम्मर ठिसवा/ढाल बहादुर घर्ती ससुरा/हजुरबुबाको नाम: जय बहादुर ठिसवा/ओम बहादुर घर्ती ठेगाना: सानिक गोठादी वडा नं ९, पाल्पा हालको ठेगाना: देवदह - ७, ना.प्र.प.नं.: ३९।०१५।१९६ जारी मिति: २०६६।०८।०४ ऋणी संगको नाता: दिदी	ओम बहादुर घर्तीको नाति ढाल बहादुर घर्तीको छोरी श्री लक्ष्मी घर्ती को नाममा, बुटवल मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सानिक करहिया ६।ख ५२४३ को क्षेत्रफल (०-०-१०-०) जग्गा, सो जग्गा र सोलेचर्चेको सम्पूर्ण लिगलिगापोत समेत
ऋणीको नाम: भुमिका घर्ती पति/बाबुको नाम: सम्मर ठिसवा/ढाल बहादुर घर्ती ससुरा/हजुरबुबाको नाम: जय बहादुर ठिसवा/ओम बहादुर घर्ती समुह नं.: ५९४ ठेगाना: सानिक गोठादी गा.वि.स वडा नं ९ ना.प्र.प.नं.: ३९।०१५।१९६ जारी मिति: २०६६।०८।०४	धनजमानीको नाम: कमला दर्लामी पतिको नाम: हेम राज दर्लामी ससुराको नाम: देउ बहादुर दर्लामी हालको ठेगाना: देवदह ७, ना.प्र.प.नं.: १०५९९२ जारी मिति: २०६१।०१।२० नाता: आफन्त/छिमेकी ठेगाना: सानिक हुमिन गा.वि.स वडा नं ६, पाल्पा	देउ बहादुर दर्लामीको बुहारी हेम राज दर्लामीको पत्नी श्रीमती कमला दर्लामी को नाममा, बुटवल मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सानिक मकहर १।घ किता नं ७१९ (०-०-१२) र मकहर १।घ र किता नं ७२० को क्षेत्रफल (०-०-७) जग्गा, सो जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलिगापोत समेत
ऋणीको नाम: भिम बहादुर घर्ति बाबु/पतिको नामथर: ढाल बहादुर घर्ति बाजे/ससुराको नामथर: उम्ब बहादुर घर्ति समुह नं.: ३९ ठेगाना: सानिक गोठादी गा.वि.स. वडा नं ९ पाल्पा ना.प्र.प.नं.: ३९।०१५/१९७ जारी मिति: २०६६/०८/०४	१.जमानत बस्नेको नाम: लक्ष्मी घर्ति बाबुको नाम: ढाल बहादुर घर्ति बाजेको नाम: ओम बहादुर घर्ति ठेगाना: सानिक माझागढी वडा नं ५, पाल्पा ना.प्र.प.नं: ३९-०१-७५-०४९०७ जारी मिति: २०७५/०८/०९ ऋणी संगको नाता: बहिनी	मान सिंह घर्तिको नाति उम्ब बहादुर घर्तिको छोरा श्री ढाल बहादुर घर्ति को नाममा , बुटवल मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला मकहर १/घ किता नं. ७५२ को क्षेत्रफल ०-०-८ रहेको जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलिगापोत समेत

शर्त बन्देजहरू:

१. बोलपत्र साथ आफुले कबोल गरेको रकमको १० प्रतिशत रकम साना किसान कृषि सहकारी संस्था लि. देवदहको नाममा कामना सेवा विकास बैकमा रहेको संस्थाको खाता नं ०२५००३००११७४८३०००००१ वा ग्लोवल आई.एम.ई बैङ्कको संस्थाको खाता नं २२६०१०१०००००२१० मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

२. प्राप्त बोलपत्रहरु सूचना प्रकाशन भएको मितिले ३५ दिन पुरा भएको भोलिपल्ट बिहान ११:३० बजेदेखि ४:०० बजेसम्म संस्थाको मुख्य कार्यालयमा खोलिनेछ। सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट उल्लेखित समय र स्थानमा खोलिनेछ।

३. लिलाम गर्न लागेको अचल सम्पत्ति निरिक्षण गर्न चाहने व्यक्तिले कार्यालय समय भित्र सम्पर्क गरेर हेर्न सक्नु हुनेछ।

४. प्राप्त बोलपत्रको हकमा कुनै पनि कारण नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थासँग नै सुरक्षित रहनेछ।

५. बोलपत्र सम्बन्धि फारम संस्थाको केन्द्रिय कार्यालय बाट प्राप्त गर्न सकिनेछ।

६. संस्थाको विनियम, कार्यविधि , सहकारी ऐन २०७४ ,सहकारी नियमावली २०७५ को अधिनमा रही लिलामी विधि प्रकृया अगाडि बढाईनेछ।

७. थप जानकारी का लागि संस्थाको मुख्य कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ।

फोन नं.: ०७१-५७७२९१, ९८५७०७३२९१

तिहारले तताियो बजार, दैनिक लाखौँको कारोबार

सुवहादुर सुनार
रोल्पा, १६ कात्तिक ।



तिहार नजिकिएसँगै रोल्पाका बजारमा चहलपहल बढेको छ। तिहारका लागि आवश्यक सामग्री खरिद गर्ने गाउँगाउँबाट सर्वसाधारण बजार भर्ने गरेपछि जिल्लाका प्रमुख व्यापारिक केन्द्रमा व्यापारिक गतिविधि बढेको हो।

सदरमुकाम तिबाङसहित सुलिचौर, घर्तीगाउँ, होलेरी, थवाङ, पुतलाचौर र पोवाङलगायतका बजारमा बिहानैदेखि उपभोक्ताको भीड देखिन थालेको छ। तिहारलाई लक्षित गरी खाद्यान्न, लत्ताकपढा, सुनचाँदीका गरगहना, घर सजावटका सामग्री तथा दैनिक उपभोग्य वस्तु खरिद गर्नेको चाप बढेको व्यवसायीले बताएका छन्।

तिहारमा नयाँ कपडा लगाउने, घर सजाउने, आफन्त तथा साथीभाइलाई उपहार दिने र विभिन्न परिकार तयार गर्ने चलनका कारण बजारमा किनमेलको रौनक छाएको छ। ग्रामीण क्षेत्रबाट बजार आउने उपभोक्ताको संख्या बढेसँगै पसलमा व्यवसायीलाई कारोबार गर्न ध्याइनभ्याइ भएको छ।

रोल्पा नगरपालिका-४ तिबाङस्थित दीप किराना पसलका सञ्चालक नवराज घर्तीमगरका अनुसार अहिले पसलमा दैनिक २५ हजार रुपैयाँभन्दा बढीको कारोबार भइरहेको छ। ४१ वर्षीय घर्तीमगरले विगतको तुलनामा यस वर्ष तिहार लक्षित व्यापार राम्रो भएको बताए।

उनको पसलमा तेल, चामल, दाललगायत खाद्यान्न तथा दैनिक उपभोग्य वस्तु खरिद गर्ने ग्राहकको चाप बढेको छ। चाडपर्व नजिकिएसँगै उपभोक्ताले आवश्यक सामग्री एकैपटक खरिद गर्न थालेपछि पसलमा व्यस्तता बढेको उनले बताए। "अहिले व्यापार राम्रो छ। ग्राहकको चाप बढेकाले फुर्सद पाउनसमेत गाह्रो भएको छ," उनले भने।

तिबाङस्थित शुभलक्ष्मी सुनचाँदी पसलका सञ्चालक सरोज सुनारको अनुभव पनि उस्तै छ। विगत १२ वर्षभन्दा बढी समयदेखि सुनचाँदी व्यवसायमा संलग्न ४१ वर्षीय सुनारका अनुसार तिहार नजिकिएसँगै गरगहना बनाउने तथा खरिद गर्ने ग्राहकको संख्या बढेको छ।

तिहारमा नयाँ गरगहना लगाउने तथा आफन्तलाई उपहार दिने चलनका कारण सुनचाँदी व्यवसायमा समेत उत्साह थपिएको उनले बताए। विगतको तुलनामा यस वर्ष कारोबार राम्रो भएको उनको भनाइ छ।

तिबाङकै रोल्पा लोकप्रिय हार्डवेयरमा पनि कारोबार बढेको छ। सञ्चालक यमु महराका अनुसार तिहारलाई लक्षित गरी घर सजावटका लागि विभिन्न रङ, जस्तापाता तथा अन्य निर्माण सामग्री खरिद गर्ने ग्राहक बढेका छन्। अहिले पसलबाट दैनिक एक लाख रुपैयाँभन्दा बढीको बिक्री भइरहेको उनले बताइन्।

तिहारमा घर मर्मतसम्भार तथा रङरोगन गर्ने क्रम बढ्ने भएकाले हार्डवेयर व्यवसायमा समेत सकारात्मक प्रभाव परेको महराको भनाइ छ।

लत्ताकपढाको व्यापारमा पनि तिहारको प्रभाव देखिएको छ। रोल्पा नगरपालिका-४ स्थित न्यु जि.एम. होलसेल फेन्सी स्टोरका सञ्चालक पूर्ण घर्तीका अनुसार तिहारलाई लक्षित गरी दैनिक दुई लाख रुपैयाँभन्दा बढीको कारोबार भइरहेको छ।

३६ वर्षीय घर्तीले गाउँबाट बजार आउने उपभोक्ताले नयाँ कपडा खरिद गर्ने क्रम बढेको बताए। तिहार नजिकिँदै गर्दा चिसो मौसमसमेत सुरु भएकाले न्यानो कपडाको माग बढेको उनको भनाइ छ। बिहान ६ बजेदेखि साँझ ८ बजेसम्म पसलमा ग्राहकको चाप रहने गरेको उनले बताए। "तिहारमा नयाँ कपडा लगाउने चलन भएकाले अहिले व्यापार उत्साहजनक छ," उनले भने।

बजारको चहलपहलले ठूला तथा मध्यम व्यवसायी मात्र नभई साना व्यवसायीलाई समेत फाइदा पुगेको छ। तिबाङमा सञ्चालनमा रहेका नास्ता पसलमा पनि ग्राहकको आवागमन बढेको छ।

रोल्पा नगरपालिका-४ की ३८ वर्षीया पवित्रा गुरुङका अनुसार गाउँबाट किनमेलका लागि बजार झरेका उपभोक्ता नास्ता पसलमा समेत आउने गरेका छन्। चिया, सेलरोटीलगायत खाजाका परिकारको बिक्री बढेको उनले बताइन्। उनका अनुसार दैनिक तीनदेखि चार हजार रुपैयाँभन्दा बढीको कारोबार हुने गरेको छ।

यसैबीच, रोल्पाको पूर्वी व्यापारिक केन्द्र सुलिचौरमा पनि तिहार लक्षित व्यापारिक गतिविधि बढेको छ। सुनिल स्मृति गाउँपालिका-६ गजुलका ५४ वर्षीय धर्मराज भण्डारीले विगतको तुलनामा अहिले सुलिचौरको व्यापार राम्रो भएको बताए। तिहारका लागि खाद्यान्न, कपडा तथा अन्य आवश्यक सामग्री खरिद गर्ने उपभोक्ताको सङ्ख्या बढेको उनको भनाइ छ।

तर बजारमा किनमेलको चहलपहल बढे पनि ग्रामीण क्षेत्रका उपभोक्ताले सहज यातायातको सुविधा पाउन सकेका छैनन्। भण्डारीका अनुसार दुर्गम क्षेत्रबाट बजार आउनुपर्ने उपभोक्ताले सडक तथा यातायातको असहजताका कारण सास्ती भोग्नुपरेको छ। सार्वजनिक सवारीसाधनमा यात्रु कोचाकोच गरेर यात्रा गर्नुपर्ने अवस्था रहेको भन्दै उनले दुर्घटनाको जोखिमप्रति चिन्ता व्यक्त गरे।

उनका अनुसार वैदेशिक रोजगारीका कारण धेरै युवा गाउँबाहिर रहनु, विभिन्न दुर्घटनामा स्थानीयको मृत्यु हुनु तथा कतिपय व्यक्ति बेपत्ता र घाइते हुनुले गाउँबस्तीमा तिहारको उल्लाससमेत विगतको जस्तो देखिँदैन। विगतमा तिहारका बेला गाउँगाउँमा लिङ्गे पिङ्ग निर्माण गर्ने तथा युवा-युवतीको सहभागितामा रमाइलो गर्ने चलन बढी भए पनि पछिल्लो समय त्यसमा कमी आएको उनले बताए।

तिहारमा बजारमा उपभोक्ताको चाप बढेसँगै हुन सक्ने मूल्यवृद्धि र ठगी नियन्त्रणका लागि प्रशासनले पनि बजार अनुगमनलाई तीव्र बनाएको छ। घरेलु तथा साना उद्योग कार्यालय र जिल्ला प्रशासन कार्यालय रोल्पाको समन्वयमा विभिन्न बजार तथा पसलमा अनुगमन भइरहेको छ। म्याद गुज्रिएका खाद्य सामग्रीको बिक्री रोक्ने, मूल्यसूची अनिवार्य गराउने तथा उपभोक्तालाई गुणस्तरीय वस्तु उपलब्ध गराउने विषयलाई अनुगमनमा प्राथमिकता दिइएको छ।

रोल्पाका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले तिहारको समयमा बजारमा उपभोक्ताको चाप बढ्ने भएकाले नियमित अनुगमनलाई तीव्र बनाइएको बताए। बजारमा वस्तुको मूल्य अस्वाभाविक रूपमा बढ्न सक्ने तथा उपभोक्ता ठगीमा पर्न सक्ने अवस्थालाई नियन्त्रण गर्न सम्बन्धित निकायसँग समन्वय भइरहेको उनले जानकारी दिए।

बजार अनुगमनसँगै सार्वजनिक यातायातलाई व्यवस्थित र सुरक्षित बनाउने विषयमा पनि प्रशासनले चासो दिएको उनले बताए। चाडपर्वमा यात्रुको संख्या बढ्ने भएकाले यातायात व्यवसायीसँग छलफल गरी सवारीसाधनको व्यवस्थापन, सुरक्षित यात्रा तथा निर्धारित भाडादरभन्दा बढी रकम असुल हुन नदिने विषयमा सहजीकरण भइरहेको सुनारले बताए।

उनका अनुसार दुर्गम क्षेत्रमा जाने सडकको अवस्था, यात्रुको चाप तथा सवारीसाधन व्यवस्थापनमा देखिएका समस्या समाधानका लागि आवश्यक पहल भइरहेको छ। यात्रुले सुरक्षित रूपमा यात्रा गर्न पाउने वातावरण निर्माण गर्नुका साथै बजारमा उपभोक्ताको हित संरक्षण गर्नु प्रशासनको प्राथमिकता रहेको उनले बताए।

तिहार नजिकिएसँगै रोल्पाका बजारमा बढेको व्यापारिक गतिविधिले स्थानीय अर्थतन्त्रमा केही उत्साह थपेको छ। किराना, सुनचाँदी, फेन्सी, हार्डवेयरदेखि साना नास्ता पसलसम्म कारोबार बढ्नुले चाडपर्वको प्रभाव स्थानीय बजारमा देखिएको छ। तर दुर्गम क्षेत्रका उपभोक्ताले सहज यातायात, उचित मूल्य र गुणस्तरीय सामग्री पाउने सुनिश्चितता गर्नु पनि उत्तिकै आवश्यक देखिएको छ।

योजना सम्झौताको लागि घुम्ती शिविर



सल्यान (बुटवल टुडे), १६ कात्तिक- सल्यानको छत्रेश्वरी गाउँपालिकामा बढा स्तरमै योजना सम्झौता तथा बैंक खाता सञ्चालनको व्यवस्था गरिएको छ। योजना सम्झौता तथा बैंक खाता सञ्चालन लगायतका कामका लागि गाउँपालिकाको केन्द्र र बैंकसम्म धाउनुपर्ने बाध्यता हटाउने उद्देश्यले आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने विकास योजनाहरूको सम्झौता प्रक्रिया सहज बनाउन वडास्तरमै पुगेर योजना सम्झौता घुम्ती शिविर सञ्चालन गरिएको हो।

हालसम्म वडा नम्बर २, ४ र ५ मा योजना सम्झौता घुम्ती शिविर सम्पन्न भइसकेको छ। यसपछि बाँकी वडा नं ६, ७, १ र ३ मा पनि क्रमशः शिविर सञ्चालन गरी सबै वडामा रहेका योजनाहरूको सम्झौता प्रक्रिया वडास्तरबाटै सम्पन्न गरिने प्रमुख प्रशासकीय अधिकृत दिपक बुढाथोकीले जानकारी दिए।

चालू आर्थिक वर्षमा गाउँपालिकाभित्र उपभोक्ता समितिमार्फत करिब १४० वटा योजना सञ्चालन हुनेछन्। ती योजनाहरूको सम्झौता प्रक्रियालाई छिटोछरितो र सेवाग्राहीमैत्री बनाउन गाउँपालिकाले कर्मचारी तथा प्राविधिक टोलीसहित वडास्तरमा घुम्ती शिविर सञ्चालन गरेको हो।

योजना सम्झौताका लागि प्रमुख प्रशासकीय अधिकृत सहित आर्थिक प्रशासन शाखा, योजना शाखा र प्राविधिक शाखाका प्रमुख तथा प्रतिनिधिहरू बढा तहमा खटिएका छन्। शिविरमार्फत योजना सम्बन्धी सम्झौता, आवश्यक कागजातको तयारी तथा प्राविधिक र प्रशासनिक प्रक्रियामा सहजीकरण भइरहेको गाउँपालिकाले जनाएको छ।

त्यसैगरी उपभोक्ता समितिको बैंक खाता सञ्चालनका लागि समेत गाउँपालिकाको केन्द्र तथा बैंकसम्म पुगुपर्ने अवस्था अन्त्य गर्न वडाबाटै आवश्यक सहजीकरण गरिने व्यवस्था मिलाइएको छ। यसले विशेषगरी ग्रामीण क्षेत्रका उपभोक्ता समितिका पदाधिकारीलाई समय र खर्च बचत हुनुका साथै योजना कार्यान्वयन प्रक्रिया सहज हुने अपेक्षा गरिएको छ।

गाउँपालिकाका अध्यक्ष ओज बहादुर बुढाथोकीले योजना सम्झौता र अन्य आवश्यक प्रक्रियाका लागि सेवाग्राहीलाई अनावश्यक झन्झट नहोस् भन्ने उद्देश्यले घुम्ती शिविर सञ्चालन गरिएको जानकारी दिए। विकास योजनाको कार्यान्वयनलाई समयमै अघि बढाउन र नागरिकलाई सहज रूपमा सेवा उपलब्ध गराउन गाउँपालिकाले वडास्तरमै सेवा पुऱ्याउने नीति लिएको उनले बताए।

यस अघि कार्यपालिका बैठकबाट नै उपभोक्ता समिति समयमै गठनका लागि निर्णय गरिएको थियो। विकास निर्माणका कामलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्य अनुरूप काम भैरहेको गाउँपालिकाले जनाएको छ।

पाल्पामा देउवा पक्षका महाधिवेशन प्रतिनिधि टुङ्गिए

पाल्पा (बुटवल टुडे), १६ कात्तिक- नेपाली कांग्रेसको शेरबहादुर देउवा पक्षले पाल्पाका दुवै निर्वाचन क्षेत्रबाट केन्द्रीय महाधिवेशन प्रतिनिधि चयन गरेको छ। क्षेत्र नं. १ र २ बाट खुला, महिला, खस आर्य, जनजाति, दलित, अल्पसङ्ख्यकसहित विभिन्न समावेशी समूहबाट प्रतिनिधि चयन गरिएको हो। पाल्पा क्षेत्र नं. १ बाट खुलातर्फ कल्प पौडेल, शंकर खनाल, शुक्र भण्डारी, ऋषि भण्डारी, अर्जुन सुनार, राजु पंगनी, बुद्धि पंगनी, रामचन्द्र नेपाल, दीपक न्यौपाने, प्रमोद सेन र हुमनाथ न्यौपाने चयन भएका छन्।

महिलातर्फ संगीता देवकोटा, विष्णुदेवी घिमिरे आचार्य, समीक्षा पाण्डे र स्मारिका पाण्डे चयन भएका छन्। जनजातितर्फ राम शाह र प्रजातन्त्र सेनानी, अल्पसङ्ख्यकतर्फ मकबुल मिया र तेजबहादुर कमाल, समावेशी महिलातर्फ सीता प्रधान र नरमाया कमाल तथा खस आर्यतर्फ भरत देवकोटा चयन भएका छन्।

त्यसैगरी, क्षेत्र नं. २ बाट खुलातर्फ माधवप्रसाद नेपाल, लक्ष्मणबहादुर रावल, सचिन बिष्ट, धनबहादुर रायमाझी, हरिबहादुर कार्की, शंकर न्यौपाने, खेमराज न्यौपाने, हरिबोल भट्टराई, केशव बस्याल र शिव नेपाल चयन भएका छन्।

महिलातर्फ बसन्ती घिमिरे, माया कुमारी शर्मा, महेश्वरी कुँवर र तुलसा न्यौपाने चयन भएका छन्। खस आर्यतर्फ श्रीधर बस्याल र खड्कबहादुर रायमाझी, दलिततर्फ भक्तबहादुर भर्तवाल र गणेश पुजन तथा अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यकतर्फ हरिबहादुर कुमाल चयन भएका छन्।



खस आर्य महिलातर्फ सविक्षा खनाल, जनजातितर्फ सुरेन्द्रमान कर्मचारी, शोभबहादुर थापा र चन्द्रबहादुर थापा तथा जनजाति महिलातर्फ सम्झना मलेगो, कमला हुमे र पूजा राना चयन भएका छन्।

त्यस्तै, प्रजातन्त्र सेनानीतर्फ कमलप्रसाद पौडेल, सहिद परिवारतर्फ विकास भट्टराई, पेसागततर्फ विष्णुप्रसाद ज्ञवाली, विज्ञ तथा किसानतर्फ ठिबी थापा, युवातर्फ सन्तोष पराजुली र अस्मिता पोखरेल तथा युवा महिलातर्फ सुशीला कुँवर र सजना कुँवर केन्द्रीय महाधिवेशन प्रतिनिधि चयन भएका छन्। देउवा पक्षले पाल्पाका ८१ वटै वडा, १० वटै स्थानीय तह, दुवै निर्वाचन क्षेत्र र दुई प्रदेशसभा क्षेत्रमा समेत उम्मेदवार टुङ्गो लगाएको जनाएको छ।

नेपाली कांग्रेसको देउवा पक्षको केन्द्रीय महाधिवेशन आगामी मङ्सिर २१, २२ र २३ गते काठमाडौंमा हुँदै छ। महाधिवेशनमा पाल्पाबाट चयन भएका प्रतिनिधिले पार्टीको केन्द्रीय नेतृत्व चयन प्रक्रियामा सहभागिता जनाउनेछन्।

मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौं

- नियमित रुपमा साबुन पानीले हात धुने बानी बसालौं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाजा खाऔं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख - नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भिसा सम्बन्धी सम्पूर्ण डकुमेन्टेशन तथा वैदेशिक यात्राको तयारीका लागि विश्वसनीय र भरपर्दो परामर्श सेवा।
युरोप, अष्ट्रेलिया तथा क्यानाडा जानका लागि भिसा सम्बन्धी, होटल बुकिङ, एयर टिकटिङ, स्पोन्सर इन्भिटेशन, लेटर डकुमेनटेशन तथा अन्य आवश्यक कागजात तयारी र सजिलो परामर्शका लागि आजै हामीलाई सम्पर्क गर्नुहोला।
N.S.Travel Group Nepal
सम्पर्क नम्बर: ९७४४७३४२१४

ट्वाईलेट सफा गराउनुहोस्
के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस् र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फुल भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिईने छ।
तिनाउ सेनेटरी
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला।
बुटवल-१० सुखखानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनु परेमा
सेप्टी टंकी, रिङ सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामिलाई सम्पर्क गर्नुहोला।
गगन सेनेटरी, बुटवल-८, सुखखानगर रुपन्देही
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१६४६४१७२

भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल
Website- bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmuncipality@gmail.com

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना ।

सूचना प्रकाशित मिति: २०८३/०७/१७

लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने दुर्वाङ्ग खोला र खाकाबेशी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन संकलन तथा बिक्री गर्न भूमिकास्थान नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	भूमिकास्थान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची फोन नं.: ९८५७०६९९८१ Email: bhumikasthanmuncipality@gmail.com
प्रस्तावको व्यहोरा	भूमिकास्थान नगरपालिकाको दुर्वाङ्ग खोला : (औंपखोला भो.पु देखि दक्षिण तर्फको बगर क्षेत्र, शतिघाट बगर क्षेत्र, बाह्रेरह बगर क्षेत्र, दुर्वाङ्ग सानीचौकी बगरक्षेत्र, दुर्वाङ्ग भो.पु बगर क्षेत्र देखि दक्षिण तर्फको गंगटे देखि भगेनी र दुर्वाङ्गको संगम बगर क्षेत्र बिरौटादेखि खतिवलका रुखसम्म) र खाकाबेशी खोला(भूमेकाथान र लेबासे खेलाको दोभान पक्की पुल दिख ५०० मि तल पाकुरे काउले बगर क्षेत्र हुँदै जोगीटारी पक्की पुलदेखि ५०० मि माथि सम्मको क्षेत्र) बाट नदीजन्य पदार्थ उत्खनन संकलन तथा बिक्री गर्ने कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी प्रतिवेदन बमोजिम नगरपालिकाक्षेत्रभित्र निर्माण कार्यमा आवश्यक पर्ने नदीजन्य पदार्थको दिगो उपयोग गरी पालिकाको आन्तरिक आय वृद्धि गर्नु।
प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा	भूमिकास्थान नगरपालिका वडा नं २,३,४,५,६,७ अर्घाखाँची

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमाथि के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको भूमिकास्थान नगरपालिका क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन नियमावलिको नियम ७ को उपनियम (२) बमोजिम अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना

प्रस्तावकको नाम र ठेगाना	भूमिकास्थान नगरपालिका नगर कार्यपालिका कार्यालय नुवाकोट अर्घाखाँची Email: bhumikasthanmuncipality@gmail.com फोन नं.: ९८५७०६९९८१, ९८५७०६९७९५
परामर्शदाताको नाम र ठेगाना	श्री लुम्बिनी सामाजिक विकास केन्द्र सन्धिखर्क १ अर्घाखाँची फोन नं..०७७४२०६५७, ०७७४२०३२० Email.: lumbinisdc@gmail.com

प्रमुख प्रशासकीय अधिकृत



बुटवल पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित प्रधान कार्यालय: बुटवल-६, तिलोत्तमा पथ, रुपन्देही, फोन: ०७१-५५४६४०, ५५४६४२, इमेल: newsbutwaltoday@gmail.com (Paper News), addbutwaltoday@gmail.com (Advt.), ebutwaltoday@gmail.com(online news)
अध्यक्ष: हरि प्रसाद पौडेल, प्रबन्ध संचालक/ प्रबन्ध सम्पादक : नवराज कुँवर, सम्पादक: लक्ष्मण पौडेल, मुद्रण: पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.